म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक १७३ आइतबार, २० माघ २०८१ ने. सं. ११४५ सिल्लाथ्व 2 February 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**सडक दुर्घटनाबाट बचौं र बचाऔं**

- जेब्राक्रसिङ, सडक चिन्ह र ट्राफिक नियमहरूको पालना गरौं,
- मोटरसाइकलमा हेलमेट, कारमा सीट बेल्ट लगाउन नबिसौं,
- नियमित सवारी साधनको जाँच गरौं,
- मादकपदार्थ सेवन गरेर सवारी नचलाऔं,
- सवारी साधन चलाउँदा मोवाइल प्रयोग नगरौं,
- ट्राफिक व्यवस्थापनमा सहयोग गरौं,
- बालवालिकालाई सडक नियम सिकाऔं र सुरक्षित स्थानमा हिँड्न प्रेरित गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# १४ वर्षमा ७० हजारको आँखाको ज्योति फर्काइए

साझाकुरा संवाददाता

हेटौंडा, १९ माघ/ बाराको कलैया नगरपालिका-१५ का ८२ वर्षीय लुरित राउतको देब्रे आँखामा ५ वर्षदेखि दृष्टिमा समस्या भयो । उमेरको कारण लाग्ने रोग होला भनेरै उनले कतै उपचार गराएनन् ।

'सुरुसुरुमा आँखाले केही कम देखे जस्तो लागेको थियो, राम्रो होला भन्दाभन्दै एक्कासी आँखा बन्द जस्तै भयो' उनले भने 'त्यसपछि उमेरभन्दा अरु केही खराबि हो कि भन्ने लागेर शिविरमा जचाउन आएँ ।' जचाँएपछि थाहा भयो आँखामा मोतीबिन्दु भैसकेको रहेछ । जसको उपचार सल्यक्रियाको विकल्प थिएन । सर्लाहीकी ८७ वर्षीया धनकुमारी चौधरीको दाहिने आँखाले ९ वर्षदेखि दृष्टि गुमाएको थियो । आँखाको दृष्टि गुमेपछि आफ्नो संसार नै अन्धकार भएको, दैनिक आफ्नो स्वास्थ्य सरसफाइमा समेत समस्या भएको उनले पीडा भोगिन् । 'अर्को आँखाले पनि धमिलो मात्रै देख्न थालेपछि सल्यक्रिया गरिन्, अब दुबै आँखाले देखेपछि जीवन उज्यालो भैहाल्यो नि' उनले भनिन् ।

बारा भोडाहाका देबचन्द्र प्रसाद चौधरी पनि आँखाको सल्यक्रियपछि डाक्टरको सल्लाह लिँदैछन् । 'अप्रेसन गरेको आँखालाई कसरी सुरक्षित राख्ने भनेर सोधेँ,' उनले भने 'अब डाक्टरले भनेभैं अर्को हप्ता आउँछु, आँखाबिनाको पीडा भोगें, अब फेरि त्यो दिन भोग्न नपरोस् भन्नेमाछु ।' नातिनीको साथमा सामुदायिक आँखा अस्पताल हेटौंडामा भेटिएकी उनले आँखाको समस्या उपचारमा ढिलाइ नगर्ने बताइन् ।



पुसमाघको चिसोमा विहानीको कलिलो घामले थोरैथोरै न्यायो बनाउँदै छ, लुरित, धनकुमारी, देबचन्द्रहरु शनिबार आँखाको अप्रेसन पछि अस्पतालको चौरमा घामको न्यानोपन ग्रहण गरिरहेका थिए । सँगै अबको उज्यालो भविष्य मनभरि सजाउँदैछन् । विगत ३ दिनदेखि अस्पतालमै रहेका उनीहरु शनिबार घर फर्कदैछन् । 'डाक्टरले एकसाता पछि बोलाउनुभएछ, औषधि पनि दिनुभएछ' लुरितले भने 'अब आउँदा त दुबै आँखाले हेरेर आफैं हिड्न सक्छु ।'

२ बर्षदेखि मोतिबिन्दुको कारण आँखाको ज्योति गुमेपछि गहिरो पिरमा परेका सर्लाहीका ४५ वर्षीय माने माझीलाई अहिले दोस्रो जन्म पाएजस्तै भएको छ । 'यो जन्ममा मेरो संसार अन्धकार नै होला भन्ने सोच्या थिएँ, अहिले म त फेरि जन्मेजस्तो भएको छ' आँखाको सल्यक्रियापछि उनले भने 'पट्टी नखोल्दै पनि मनभरि रहर जागेको छ एकदमै उत्साही छु ।'

उनको एउटा आँखा दुई वर्षअघि सल्यक्रिया गरिएको थियो, फेरि अर्कोको ज्योति गुम्यो, उपचार गर्ने आर्थिक अवस्था कमजोर भएकोले पनि अब यसै जीवन बित्छ भन्ने लागेको उनले सुनाए । 'अघिल्लोपटक आँखाको अप्रेशन पछि पुरै देख्ने भएँ अहिले पनि यस्तै हुनेछ भन्ने लागेको छ' उनले सुनाए । उनीहरु मात्रै हैन यो साता सामुदायिक आँखा अस्पताल हेटौंडामा ३८० जनाले मोतीबिन्दुको उपचार भएको छ । उनीहरुको फरक सपना र फरक आशा मनभरि छन्, उत्साह उस्तैउस्तै सुनिन्छन् ।

सामुदायिक आँखा अस्पताल हेटौंडाले सर्लाही, बारा र मकवानपुरको विभिन्न विकट स्थानमा ३ दिन शिविर सञ्चालन गरेपछि त्यहाँ आँखा जाँचको लागि आएका सेवाग्राहीमध्ये मोतीबिन्दुको सल्यक्रिया गर्नैपर्ने अवस्थामा ३८० जनालाई नि:शुल्क सेवा दिएको हो । १ हजार ५०० जनाले आँखा जाँच गराएका थिए । आँखा जाँच गराएकामध्ये झण्डै २६ प्रतिशतमा मोतिविन्दु रहेको पाइएको थियो ।

अस्पतालले ३८० जना बिरामी र उनीहरुको कुरुवालाई समेत आवासीय (यातायता, खान, बस्न समेत) सुविधा दिएको अस्पतालका प्रशासकीय प्रमुख सुधीर श्रेष्ठले बताए । मोतीबिन्दु भएको बिरामीलाई सशुल्क उपचार गर्न पर्दा १० हजार खर्च लाग्ने तर, शिविरबाट रिफर भएर आएका बिरामीलाई सबै शुल्क मिनाहा गरिएको प्रशासकीय प्रमुख श्रेष्ठले बताए । यसपटक क्युर ब्लाइनेश प्रोजेक्टको सहयोग यो शिविर गरिएको उनले बताए ।

हेटौंडा समुदायिक आँखा अस्पतालका संरक्षक सिद्धिलाल श्रेष्ठका अनुसार यस्तो शिविर वार्षिक ६ वटासम्म र आवश्यकता अनुसार यो भन्दा बढी नै गर्ने गरिएको छ । तिलगांगा आँखा अस्पतालका कार्यकारीणी सदस्य समेत रहेका श्रेष्ठका अनुसार मकवानपुरको यो अस्पतालले वार्षिक ५ हजार जनाको आँखाको सल्यक्रिया गरेको छ । स्थापनाकालदेखि हालसम्म ७० हजार जनाको आँखामा ज्योति फर्काउन सफल भएको श्रेष्ठले बताए ।

हालै सम्पन्न शिविरमा नेत्रअधिकृत, वरिष्ठ नेत्रअधिकृत, नेत्रसहायकलगायत ५ जनाको समूह परिचालित थिए, भने अस्पतालमा आएका बिरामीको सर्जन डाक्टरहरु सुनिल थकाली, मोहिनी श्रेष्ठ, आषिश जमरकट्टेलले सल्यक्रिया गरेका थिए । आँखाको सल्यक्रिया पछिको आँखा स्याहारबारे सुझाव तथा पर्याप्त परामर्श दिने गरेको वरिष्ठ नेत्ररोग विशेषज्ञ आषिश जमरकट्टेलले बताए ।

'आँखा शरीरको सबै भन्दा संवेदनशील अङ्ग हो । थोरै लापर्वाही पनि घातक हुनसक्छ । झन् सल्यक्रिया गरिएको आँखालाई विशेष हेरचाह आवश्यक हुन्छ । सबै रोगको समयमै उपचार अनिवार्य छ, आँखाको सवालमा पनि यही हो, जति सचेत भएर उपचार, औषधि तथा फलोअपमा ख्याल गरियो समस्याबाट छुटकारा पाउन उति नै सहज हुन्छ, थप जटिलता आउँदैन' सर्जन डा. थकालीले भने ।

आँखाको सल्यक्रिय गरेपछि बिरामीलाई अस्पतालले सीधैं घर पठाउँदैन । बिरामी र आफन्तलाई आँखाको हेरचाहबारे परामर्श कक्षामा राखेर सहजीकरण गरेर मात्रै घर पठाउँने गरिएको छ । उनीहरुलाई सामूहिक भेला गराएर एक सातासम्म आँखाको हेरचाह, सरसफाइ, औषधिको प्रयोग विधिबारे सम्भव भएसम्मको प्रयोगात्मक सीप सिकाएर पठाउने गरेको अस्पतालका अधिकृत तथा आउटिच विभाग संयोजक डा. सुशीलकुमार सिंहले बताए ।

# मुलुकमा माओवादीको एजेण्डा स्थापित भएको छ-नेता गुरुङ




साझाकुरा संवाददाता

हेटौंडा, १९ माघ/ नेकपा (माओवादी केन्द्र) का महासचिव देबप्रसाद गुरुङले मुलुकको समृद्धि र विकासको लागि प्रचण्ड नेतृत्वको विकल्प नभएको बताएका छन् ।

शनिवार बिहान नेकपा (माओवादी केन्द्र) मकवानपुरका नेता कार्यकर्ता भेटघाटमा महासचिव गुरुङले मुलुकमा माओवादीको एजेन्डा स्थापित भएकोले माओवादीप्रति जनलहर बढेको बताएका हुन् । लोकतन्त्रको रक्षा गर्ने पार्टी माओवादी केन्द्र भएकोले माओवादीको नेतृत्वमा बृहत कम्युनिष्ट एकताको आवश्यक्ता भएको महासचिव गुरुङले बताए ।

नेकपा (माओवादी केन्द्र) मकवानपुर संयोजक भीम पाखिनको अध्यक्षतामा भएको कार्यकर्ता भेटघाट कार्यक्रममा महासचिव गुरुङले भ्रष्टाचारलाई रोक्न स्थायी सरकार आवश्यक भएकोले आगामी निर्वाचनमा माओवादी केन्द्र भ्रष्टाचार विरुद्ध एक्लै निर्वाचनमा सहभागी हुने बताए ।

कार्यक्रममा नेकपा माओवादी केन्द्रका केन्द्रीय सदस्य कुमारी मोक्तान, रामनारायण बिडारी, बागमती प्रदेश उपाध्यक्ष प्रेमबहादुर पुलामी, सचिवालय सदस्य बीरबहादुर घलान 'ज्वाला', प्रदेश सदस्य ललित घलान, प्रेस सेन्टर नेपाल केन्द्रीय सदस्य एवम् मकवानपुर इन्चार्ज ध्रुवराज ढकाललगायत नेता कार्यकर्ताको उपस्तिथि रहेको थियो ।

महासचिव गुरुङले वर्तमान सरकार संसद्लाई कमजोर र विस्थापित बनाउन खोजेको आरोप लगाएका छन् ।

प्रेस सेन्टर नेपाल, मकवानपुरले शनिबार हेटौंडामा आयोजना गरेको पत्रकार भेटघाटमा बोल्दै नेता गुरुङले संसद्लाई छलेर अध्यादेश ल्याउनु व्यवस्था माथिकै हमला भएको बताए । ३१ वटा कानुनलाई अध्यादेशमार्फत् संशोधन गर्नुले सरकारको नियत नै गलत भएको बताएका हुन् ।

प्रेस सेन्टर मकवानपुर अध्यक्ष यमपी शर्माको अध्यक्षतामा भएको कार्यक्रममा महासचिव गुरुङले बर्तमान सरकारको कारण देशको लोकतन्त्र र राष्ट्रियतामाथि खतरा पैदा भएको बताए । उनले मुलुकको स्वाधीनताको रक्षाका लागि अंगिकार गर्नुपर्ने परराष्ट्र नीति समेत सरकारले अंगिकार गर्न नसकेको भन्दै सुशासनको नाममा सरकारले भ्रष्टचारी र कमिशनतन्त्रलाई संरक्षण गरेको आरोप लगाए ।

पत्रकार सम्मेलनमा नेकपा (माओवादी केन्द्र) का केन्द्रीय सदस्य कुमारी मोक्तान, रामनारायण बिडारी, बागमती प्रदेश उपाध्यक्ष प्रेमबहादुर पुलामी,प्रदेश सचिवालय सदस्य एवम् जिल्ला संयोजक भीम पाखिन, सचिव बीरबहादुर घलान 'ज्वाला', फ्याक्सन इन्चार्ज ललित घलान, प्रेस सेन्टर नेपाल महादिवेशन आयोजक समिति सदस्य मनोज शर्मा ढोडारी लगायत बिभिन्न संचार माध्यमका संचारकर्मीको उपस्थिति रहेको थियो ।

# सोनाम ल्होछार राष्ट्रिय पर्वको रुपमा विकसित हुँदैछ: मन्त्री खड्का



साझाकुरा संवाददाता

हेटौंडा, १९ माघ/ बागमती प्रदेशका खानेपानी, उर्जा तथा सिंचाईमन्त्री श्यामबहादुर खड्काले सोनाम ल्होछार नेपालकै राष्ट्रिय पर्व हुदै गएको बताएका छन् ।

मञ्जुश्री सम्वत् २८६१ औं सोनाम ल्होछारको अवसरमा दक्षिणकाली टोल विकास संस्थाले हेटौंडा-३ मा आयोजना गरेको कार्यक्रममा बोल्दै मन्त्री खड्काले पछिल्लो समयमा सोनाम ल्होछार तामाङ समुदायले मात्र नभई सबै नेपालीले मनाउने साझा पर्वको रुपमा विकास हुँदै गएको बताए । बागमती प्रदेश सरकारले तामाङ भाषालाई सरकारी कामकाजको भाषा बनाएको उल्लेख गर्दै उनले तामाङ भाषालाई राष्ट्रिय भाषाकै रुपमा अगाडि बढाउनुपर्नेमा जोड दिए । चाडपर्वले राष्ट्रको भौगोलिकतालाई प्रतिनिधित्व गर्ने भएकोले कला, संस्कृतिको संरक्षण गर्न समेत मन्त्री खड्काले आग्रह गरे ।

दक्षिणीकाली टोल विकास संस्थाका अध्यक्ष रामबहादुर थापाको सभाध्यक्षतामा भएको कार्यक्रममा ३ नं. वडाका पूर्ववडाअध्यक्ष रामकुमार पुडासैनी, मिलन टोल विकास संस्थाको अध्यक्ष धनबहादुर घलान, वडासदस्य हर्क पाख्रिन, देवकी विश्वकर्मालगायतको आतिथ्यता रहेको थियो ।

# मनहरी गाउँपालिकामा सबै शिक्षकलाई तालिम

साझाकुरा संवाददाता

हेटौंडा, १९ माघ/ विद्यालय तहको पाठ्यक्रम र मूल्याङ्कन सम्बन्धी दुई दिवसीय तालिम मनहरी-४ स्थित पशुपतिनाथ माविमा शनिबार सकिएको छ । तालिम समापन विद्यालय ब्यवस्थापन समिति अध्यक्ष माधव गौतमको सभाध्यक्षतामा भएको हो ।

विद्यालय तहमा लिइने परीक्षा प्रणालीमा एकरुपता ल्याउनका लागि तालिम आयोजना गरिएको मनहरी गाउँपालिका स्रोतशिक्षक बिदुरबिक्रम थापाले बताए । पशुपतिनाथ माविमा भएको तालिममा कृष्ण पौडेल र बिवशजङ थापाले सहजीकरण गरेका थिए । यो विद्यालयमा मनहरी-४ को सृजना प्रावि र चेपाङ प्राविका शिक्षक पनि सहभागी भएका थिए । विद्यालयमा कार्यरत शिक्षकका लागि विद्यार्थी मूल्याङ्कनमा समस्या आएको र तालिमले समस्या समाधान गर्न सहज हुने तालिममा सहभागी शिक्षक सपना लामाले बताइन् ।



सृजना प्राविका प्रधानाध्यापक राजेन्द्र न्यौपानेले गाउँपालिकाले सबै शिक्षकलाई पुनर्ताजगी हुने गरी तालिम दिएकोमा खुशी ब्यक्त गरे । मनहरी गाउँपालिकाले गाउँपालिकाको ९ वटै वडामा एकैसाथ सुरु गरेको थियो । वडाभित्रका सबै विद्यालयका शिक्षकलाई एकैस्थानमा राखेर २ दिने तालिम प्रदान गरिएको हो । गाउँपालिकामा कार्यरत सबै विद्यालयका सबै शिक्षकका लागि पाठ्यक्रम र मूल्याङ्कनसम्बन्धी तालिम आयोजना गरिएको गाउँपालिका शिक्षाप्रमुख प्रदीप पराजुलीले जानकारी दिए । हरेक वडाका लागि २/२ जना प्रशिक्षकले सहजीकरण गरेका थिए ।

वडा नं. १ को बालजीवनज्योति माविमा, वडा नं. २ को सीता माविमा, वडा नं. ३ को महेन्द्रज्योति माविमा, वडा नं. ४ को पशुपतिनाथ माविमा, वडा नं. ५ को भोजसिद्ध माविमा तालिम संचालन भएको शिक्षाप्रमुख पराजुलीले जानकारी दिए । त्यस्तै मनहरी-६ को राष्ट्रिय मावि सुनाचुरीमा, मनहरी-७ को राष्ट्रिय रोटरी माविमा, मनहरी-८ को महेन्द्रकिरण माविमा र मनहरी-९ को युवावर्ष गंगा आविमा तालिम चलेको थियो ।

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# प्रदेशसभाको सात वर्ष

बागमती प्रदेशसभा स्थापनाको ७ वर्ष पूरा भएको छ । प्रदेश सरकारको सातवर्षे अवधि सत्तामोह, आरोपप्रत्यारोप, सुबिधाभोगी शैली, सरकार बनाउने र गिराउने खेल आदि कारणले जनचाहनाबिपरीत देखियो । मुलुकको परिवर्तनकारी शक्ति सत्तामोहमा लागेकै कारण आम जनतामा निराशा पैदा भयो । संघीयताकै कारण आम नेपालीले घरमदैलोमा सिंहदर्वार पाएर पनि निराश बन्नु परेको अवस्था हो । प्रदेशसभाको वार्षिकोत्सवको अबसरमा औपचारिक कार्यक्रममा बोल्ने प्रदेशसभा सदस्यहरुले नै निराशाको भाव पैदा गरे । प्रदेशसभा ठप्प भएको चार महिनापछि शुक्रबार प्रदेशसभामा प्रतिनिधित्व गर्ने दलका नेताहरुले दिएको शुभकामनामा चरम निराशा देखियो । अधिवेशनको शुभकामना दिन रोष्टममा उभिएका सत्तापक्ष र प्रतिपक्ष दलका नेताबीच आरोपप्रत्यारोप नै चल्यो । हिउँदे अधिवेशनमा सरकारले गर्नुपर्ने कामकारबाहीको विषयमा भन्दा विकसित राजनीतिक घटनाक्रमलाई जोडेर सरकार र विपक्षबीच जुहारी चलेको थियो । प्रदेशसभाको कामकारबाहीका विषयमा विपक्षी दलका नेताहरुले बैठकमा प्रश्न उठाए ।

सरकारले सही ढंगबाट काम गर्न नसकेको र नागरिकका आवश्यकता र मागलाई सम्बोधन गर्न नसकेको आरोप लगाइयो । प्रमुख प्रतिपक्ष दल नेकपा माओवादी केन्द्र बागमती प्रदेश संसदीय दलका नेता शालिकराम जम्कट्टेलले एमाले-कांग्रेसको महागठबन्धन बनेदेखि देशमा अशान्ति भइरहेको आरोप लगाए । सरकारी जग्गा हडप्ने, सहकारीको रकम अपचलनका घटना लुकाउने, गलत प्रवृत्ति गर्नेलाई जोगाउनेतर्फ सत्ता गठबन्धन उद्यत रहेको उनले आरोप लगाए । राप्रपा बागमती प्रदेश संसदीय दलका नेता उद्धव थापाले प्रदेश सरकार नागरिकको पक्षमा काम गर्न असक्षम भएको दाबी गरे । सरकारले प्रदेशका नागरिकको अपेक्षा पूरा गर्न नसकेको भन्दै सरकारको गतिविधिले नै वर्तमान व्यवस्थाप्रति नागरिकको असन्तुष्टि बढेको उनको भनाइ थियो । नेकपा एकीकृत समाजवादी संसदीय दलका नेता कृष्णप्रसाद शर्मा खनालले प्रदेश सरकारको नेतृत्व र नीतिमा कमजोरी र प्रशासनिक अक्षमता देखिएको बताए । सरकारले विकास निर्माणभन्दा पनि कार्यकर्ता व्यवस्थापनको लागि काम गरिरहेको उनको आरोप थियो । नेमकिपा बागमती प्रदेश संसदीय दलका नेता सुरेन्द्रराज गोसाईंले शासक दल र नेतृत्वको कारण व्यवस्थामाथि बारम्बार प्रश्न उठ्ने गरेको बताए । उनले प्रदेशको औचित्यमाथि नै प्रश्न उठाउने अवस्था आउनुमा अहिलेसम्ममा सत्तामा जाने दल नै जिम्मेवार रहेको आरोप लगाए । बैठकमा हाम्रो नेपाली पार्टी बागमती प्रदेश संसदीय दलका नेता शैलेन्द्रमान बज्राचार्यले वर्तमान व्यवस्थाले पीडित उत्पीडित वर्गको अधिकार सुनिश्चित गरेको बताए । सत्तारुढ दल नेपाली कांग्रेस र नेकपा एमालेले सरकारले विकास र समृद्धिको मुद्दालाई सशक्तरुपमा अघि बढाएको तर्क गरेका थिए ।

मुख्यमन्त्री बहादुरसिंह लामाले राजनीतिक अस्थिरताको अन्त्य र समुन्नत प्रदेश निर्माणमा दुई ठुला दल मिलेर सरकार गठन भएको बताए पनि यो तर्क मानन प्रदेशसभा सदस्य तयार छैनन् । बागमती प्रदेशसभाले स्थापनाको सात वर्ष पूरा हुँदा आवश्यक कानुन निर्माण गर्न सकेको छैन । प्रदेशलाई पूर्णरुपमा अधिकार सम्पन्न बनाउन ९९ वटा कानुनको पहिचान गरेको वागमतीले हालसम्म ४८ वटा मात्र मूल ऐन निर्माण गरेको छ । जुन पहिचान गरिएका मूल ऐनको आधा हो । एकलअधिकार सूचीका धेरै कानुन निर्माण गरिसकेको बागमती सरकारले संघ सरकारसँगको साझा अधिकार सूचीमा रहेका कानुन निर्माण गर्न सकेको छैन । संघीय सरकारलाई बाइपास गरेर केही कानुन निर्माण गरे पनि विभिन्न समयमा भएका सत्तासमीकरण परिवर्तनले प्रदेशले कानुन निर्माणमा गति दिन नसकेको हो । बागमती प्रदेशसभामा हालसम्म दर्ता भएका ९१ वटा ऐनमध्ये प्रदेशसभाबाट ८४ वटा पारित भएका छन् । जसमध्ये १६ वटा सालबसाली र एउटा विचाराधीन रहेको छ । पहिलो प्रदेशसभाबाट ७० वटा ऐन पारित भएकोमा दोस्रो प्रदेशसभाको बैठक सुरु भएपछि १२ वटा ऐन निर्माण भएका छन् । प्रदेश सरकार स्थापनायता १४ वटा अध्यादेश प्रदेशसभाले स्वीकृत गरेको छ भने ५ वटा निस्क्रिय भएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ माघ २१ गते सोमबार ३ फेब्रुअरी २०२५ । पञ्चमी, माघ शुक्लपक्ष । सिल्लाथ्व ११४५ ने.सं. । सूर्योदय ६:५१, सूर्यास्त ५:४५ । श्री पञ्चमी । सरस्वती जयन्ती ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : मनोकांक्षा सिद्धि हुनेछ | तुला | : वस्त्र-भोजन प्राप्त हुनेछ |
| वृष | : गरेको कार्यमा सफलता मिल्नेछ | वृश्चिक | : योजना कार्यान्वयन हुनेछ |
| मिथुन | : नयाँ कार्ययोजना बन्नेछ | धनु | : व्यापार राम्रो चल्नेछ |
| कर्कट | : आकस्मिक लाभ हुनेछ | मकर | : मीठो खाने अवसर मिल्नेछ |
| सिंह | : राम्रो अवसर गुम्नेछ | कुम्भ | : घर परिवारमा मेलमिलाप हुनेछ |
| कन्या | : खर्च र दुःख बढ्नेछ | मीन | : मनमा शङ्का बढ्नेछ |

# पठन संस्कृति किन आवश्यक छ ?



डा. अमर गिरी

पढ्ने संस्कृतिलाई पठन संस्कृति भनिन्छ । पठन संस्कृतिका निम्ति पठन जीवनको अनिवार्य अङ्ग बन्नुपर्छ । पठन संस्कृतिभित्र पठनलाई मलजल गर्ने र उकेरा लगाउने पर्यावरण पनि पर्छ । पठनका निम्ति उपयुक्त पर्यावरणमै पठन संस्कृति मौलाउँछ । पठनप्रति जागरुक र त्यसको महत्त्व बुझेको समाजमै मानिस पठनप्रति आकर्षित हुन्छन् । पठन संस्कृतिमा पठन जीवनपर्यन्त चल्नुपर्छ । औपचारिक शिक्षा प्राप्त गर्दासम्म पढ्ने र गरिसकेपछि नपढ्नेहरूको संख्या निकै हुन्छ । पठन संस्कृतिमा अनौपचारिक पठनलाई बेसी महत्त्व दिइन्छ । औपचारिक शिक्षा सकिएपछि पनि पठनले निरन्तरता पाउनुपर्छ । पठनको क्षेत्र पनि फराकिलो हुनुपर्छ । औपचारिक शिक्षा प्राप्त गर्दा पढिने विषय क्षेत्रभन्दा बाहिरका साहित्य लगायत ज्ञानका अन्य क्षेत्रका पुस्तकहरूको पठनले पठन संस्कृतिलाई समृद्ध गर्न योगदान दिन्छन् ।

लेखिन थालेपछि पढिन थाल्यो, पहिले सुनिन्थ्यो मात्र । पठन संस्कृतिजस्तै पहिले श्रवण संस्कृति थियो । मानिस एक अर्कालाई कविता, कथा, अनुभव एवं विविध विषयका ज्ञान सुनाउँथे । यसैगरी ती एउटा पिँढीबाट अर्को पिँढीमा हस्तान्तरित हुन्थे । अहिले पनि यो संस्कृति जीवित छ । मानिस एक-अर्कालाई सुन्छन्, सुनाउँछन् । पठन संस्कृतिको विकाससँगै विमर्श पनि पठन संस्कृतिकै बारेमा बढी हुन थाल्यो । श्रवण वा सुन्ने संस्कृति प्राथमिकतामा परेन । सुन्ने र पढ्ने कुरा एकापसमा गहिरोसँग जोडिएका छन् । आजको डिजिटल संसारमा पुस्तकका हेर्ने र सुन्ने सामग्रीहरू छन् । यी सबैबाट मानिस लाभान्वित भएका छन् ।

सबै मुलुकमा पठन संस्कृतिको लामो इतिहास पाइन्छ । नेपालमा पनि यसको लामो इतिहास छ । नेपालको इतिहास पठन संस्कृतिले समुचित महत्त्व पाएको इतिहास भने होइन । वर्तमानमा पनि पठन संस्कृति समृद्ध छैन । अतीतमा न शासकहरूले यसलाई महत्त्व दिए, न त समाज नै यसका निम्ति जागरुक बन्यो । शासन गर्नेहरू यसप्रति गम्भीर भइदिएको भए स्थिति अलि फरक हुन्थ्यो । पढ्ने कुरा सत्तारुढ वर्गमा सीमित बन्यो । त्यसको परिधि साँघुरो थियो । लिच्छविकाल, मल्लकाल, शाहकाल, राणाकाल कुनै पनि कालमा यसतिर विशेष दृष्टि गएन । औपचारिक-अनौपचारिक रूपमा पढ्ने कुरा माथिल्लो वर्गमा सीमित रह्यो । गुम्बा, चैत्य, विहार, गुरुकुल, मन्दिर आदिमा सीमित रूपमा पठनपाठन भयो । थोरै मानिस भारतका विभिन्न ठाउँमा गएर पढे । समयको दबाबमा परेर राणाशासकहरूले शिक्षाका क्षेत्रमा थोरै भए पनि काम गरे । बिस्तारै बिस्तारै मानिसमा जागरण पनि आउन थाल्यो । सार्वजनिक पुस्तकालय खोल्ने प्रयास भए । प्रयास गर्नेहरू शासकबाट दण्डित भए । १९८७ सालको पुस्तकालय पर्व यसको उदाहरण हो । राणाशासकहरू जनता जागे आफ्नो शासनका विरुद्ध उभिन्छन् भन्थे । चन्द्रशमशेरले त्रि-चन्द्र क्याम्पसको शिलान्यास गरेपछि पछुतो मानेका थिए । तर पनि उनीहरूलाई केही गर्न समयले बाध्य बनाएको थियो ।

२००७ सालपछि भने स्थिति बदलिन थाल्यो । शिक्षाको विस्तार भयो । सरकारी र सार्वजनिक स्तरबाटै पुस्तकालयहरू खुल्न थाले । केही पुस्तकालय २००७ सालअगावै स्थापना गरिए पनि धेरै पुस्तकालय लोकतन्त्रको स्थापनापछि खुले । परिवर्तनको प्रभाव आर्थिक, राजनीतिक, सामाजिक, सांस्कृतिक, शैक्षिक लगायत विभिन्न क्षेत्रमा पर्‍यो । यसले पठन संस्कृतिलाई बढायो । साक्षर र शिक्षितहरूको संख्या बढेसँगै पढ्नेहरूको संख्या पनि बढ्यो । स्वदेश र विदेशका लेखकका कृतिहरू अलि बढी बिक्न थाले । पाठ्यपुस्तकका साथै अरु पुस्तक पनि पढिन थाले । तर पनि पठन संस्कृतिको अपेक्षित विकास हुन सकेन । पञ्चायतको स्थापनापछि स्थिति प्रतिकूल भए पनि पढ्ने कुरालाई यसले रोक्न सकेन । पुस्तक किन्ने र पढ्ने कार्य चलिरह्यो । यस कालखण्डमा पनि पुस्तकालय खुले, पठन संस्कृतिका बारेमा छलफल भए । २०४६ सालको आन्दोलनबाट पञ्चायत समाप्त भयो, लोकतन्त्रको पुन: स्थापना भयो । आज मुलुकमा सँघीय लोकतान्त्रिक गणतन्त्र छ । २००७ सालयता सात दशकभन्दा लामो समय बित्दा पनि पठन संस्कृति अपेक्षा अनुसार मौलाउन सकेको छैन । शिक्षा क्षेत्रमा भएको विकासलाई आधार मान्ने हो भने पठन संस्कृति अहिलेको तुलनामा समृद्ध हुनुपर्थ्यो । अहिले पनि पाठ्यपुस्तकबाहेक अन्य पुस्तक कम बिक्छन् । साहित्यिक कृतिहरूको बिक्रीले ठुलो फड्को मारेको छैन । वाङ्मयका विभिन्न क्षेत्रका कृतिहरू पनि धेरै बिकेको पाइँदैन । ई-पुस्तक पढ्नेहरूको संख्या पनि धेरै छैन ।

हामीकहाँ पठनको महत्त्वबोधको विकास राम्रोसँग हुन सकेको छैन । त्यस अनुकूलको पर्यावरणको निर्माण भनेजसरी गर्न सकिएको छैन । पठन किन आवश्यक छ भन्ने कुरालाई गहिरो गरी बुझ्दा मात्र पठन संस्कृति फस्टाउँछ । यस दृष्टिले नेपाली समाज पछि छ । समाजमा गरिबी छ । गरिबी पठन संस्कृतिको विकासमा बाधक छ । मौलाउँदो उपभोक्तावादी चरित्र र मनोविज्ञान पठन संस्कृतिको विरोधी छ । सञ्चार-प्रविधिको दुरुपयोगबाट पठन संस्कृति दुष्प्रभावित छ । लोकप्रिय संस्कृतिका अनेक रूपले पठन संस्कृतिको विकासलाई प्रभावित गरेका छन् । किन्न सक्ने हैसियत भएका नेपाली पनि पुस्तक किनेर पढ्दैनन् । धेरै पठित र हुनेखाने नेपालीका घरमा एउटा सानोतिनो पुस्तकालय पाइँदैन । लाउन, खान, घुम्न, मनोरञ्जन गर्न लाखौं खर्च गर्न सक्ने नेपालीसँग पुस्तकका निम्ति बजेट हुँदैन । उनीहरू पुस्तकको उपयोगिता नै देख्दैनन् । सामाजिक सञ्जालले यस प्रवृत्तिलाई अझ मलजल गरेको छ ।

आफू र अरुलाई जान्न, देश-दुनियाँ बुझ्न, आलोचनात्मक चेतनाको विकास एवं आत्मिक, बौद्धिक विकास गर्नह समाजको रूपान्तरणमा योगदान दिन र मानिसजस्तो भएर बाँच्न पठन आवश्यक छ । यस्तो पठन जीवनभरि चल्नुपर्छ । पठनले आनन्द मात्रै दिँदैन, शिक्षा पनि दिन्छ, बाटो पनि देखाउँछ र सत्यं, शिवं, सुन्दरम् गीत गाउन सिकाउँछ । पठन जीवन र जगतबोधको उत्तम साधन हो । के पढ्ने, किन पढ्ने, सामग्री छनोट कसरी गर्ने जस्ता प्रश्नमा भने पढ्ने मानिस सजग हुनुपर्छ । राम्रा-नराम्रा दुवै थरीका पठन सामग्री पाइन्छन् । नराम्रा सामग्री पढ्न पुगियो भने जीवन बर्बाद हुन सक्छ । कैयौंको जीवन बर्बाद भएको पनि छ । जीवन विरोधी, सुन्दर विरोधी, सत्य विरोधी पठन सामग्रीको कमी संसारमा छैन । त्यस्ता सामग्रीको प्रचार-प्रसार योजनाबद्ध रूपमै भएको छ । त्यसले मानिसलाई प्रभावित गरेको छ । मानिसको चेतनालाई नराम्रो दिशातिर डोर्‍याउने र रुचिलाई विकृत गर्ने प्रयास भएकै छन् । हाम्रा अगाडि नराम्रा कुराको प्रचारको मायाजाल छ । यो मायाजाल डरलाग्दो छ । मानिस कतिबेला यसको सिकार हुन्छ भन्नै गाह्रो छ । मानिसलाई ज्ञान पिपासुभन्दा खन्चुवा बनाउने संसारमा हामी छौं । यस्तो स्थितिका माझमा सचेत भईकन पठन सामग्रीको चयन गर्नु पाठकहरूको दायित्व हो ।

पठन संस्कृतिको विकासमा व्यक्ति, परिवार, समाज, सार्वजनिक संस्था एवं राज्यको महत्त्वपूर्ण भूमिका हुन्छ । राज्यको भूमिका अझ महत्त्वपूर्ण हुन्छ । पठन संस्कृतिको विकासका निम्ति व्यक्ति, परिवार, समाज, सार्वजननिक संस्था गम्भीर हुन जति आवश्यक छ, त्योभन्दा बढी राज्य गम्भीर हुन जरुरी छ । सै, प्रदेश र स्थानीय सरकारले यसका निम्ति धेरै गर्न सक्छन् । राष्ट्रिय शिक्षा नीतिले पठन संस्कृतिको विकासलाई महत्त्व दिएको छ । अरु सम्बन्धित निकायका नीति पनि यस्ता देखिन्छन् । भएको नीतिलाई कार्यान्वयन गर्दा पनि धेरै हुन्छ । प्रत्येक वडामा पुस्तकालय, वाचनालय स्थापना गर्न सकिन्छ । पठनमा अभिरुचि जगाउने गरी कार्यक्रमहरू सञ्चालन गर्न सकिन्छ । मठ-मन्दिरका निम्ति धेरैभन्दा धेरै खर्च गर्ने राज्यले पुस्तकालय स्थापनाका निम्ति खर्च गरे उपयुक्त हुन्थ्यो । सार्वजनिक संस्थाहरूले पनि पठन संस्कृतिको विकासमा गहन भूमिका सम्पादन गर्न सक्छन् र गर्नुपर्छ । व्यक्ति र परिवारको भूमिका त उल्लेखनीय हुन्छ नै ।

बालबालिकामा सानैबाट पठनप्रति अभिरुचि निर्माणलाई सबैभन्दा बढी महत्त्व दिनुपर्छ । यसमा परिवार र विद्यालयको भूमिका महत्त्वपूर्ण हुन्छ । बालबालिकामा पाठ्यपुस्तकका साथै अन्य पठन-सामग्रीप्रति पनि रुचिको विकास गर्नु र उनीहरूलाई बाटो देखाउनु परिवार एवं विद्यालयको दायित्व हो । पठनलाई जीवनको अनिवार्य अङ्ग बनाउने गरी संस्कार निर्माण गर्नका लागि यो उपयुक्त समय हो । परिवार नै यसप्रति उदासीन हुँदा परिणाम राम्रो नहुनु स्वाभाविक हो । पठनप्रति अभिरुचि जगाउने गरी कार्यक्रम सञ्चालन गर्ने कुरालाई राज्य एवं सार्वजनिक संस्थाले उच्च महत्त्व दिन जरुरी छ । पुस्तकालय र सामग्रीहरू भएर मात्रै हुँदैन, पढ्ने पाठक पनि हुनुपर्छ । पठनप्रति देखिएको उदासीनता डर लाग्दो छ । पढौं-पढौं लाग्ने सामग्रीको रचना कम हुनु पनि यस्तो स्थिति निर्माणको एउटा कारण हो । महत्त्वपूर्ण कारण आजको समग्र पर्यावरण र त्यसबाट निर्मित मनोविज्ञान हो । आजको पर्यावरण पठन संस्कृतिका दृष्टिले त्यति उपयुक्त देखिन्न । यसप्रति गम्भीर नभई र पठन संस्कृतिको निर्माणका लागि उपयुक्त पर्यावरण निर्माण नगरी पठन संस्कृतिलाई समृद्ध तुल्याउन सकिन्न । पठन संस्कृतिको विकास समाजको समग्र रूपान्तरणसँग जोडिएको छ । यसले समाजलाई नयाँ दिशा दिन सघाउँछ । जागरुक समाजले नै मुलुकलाई अघिल्तिर डोर्‍याउने सामर्थ्य राख्छ । यस्तो समाजले नै परिवर्तनको अगुवाइ गर्न सक्छ ।

पठन संस्कृतिको विकासमा प्रविधि सहयोगी रहँदै आएको छ । यसको प्रयोग हामी कसरी गर्छौं, कुरा यति मात्र हो । प्रविधिको सदुपयोग र दुरुपयोग दुवै भएको छ । आज पढ्नका निम्ति पुस्तकालय मोबाइल र कम्प्युटर मै उपलब्ध छ । इन्टरनेटको विकासका कारण यस्तो सम्भव भएको छ । कैयौं सामग्री फेसबुक, ब्लग, युट्युब, ह्वाट्सएप आदिमै पाइन्छन्ह कैयौं सामग्री गुगलमा पाउन सकिन्छ । गुगल पढ्ने सामग्रीहरूको विशाल भण्डार हो । आज दर्जनौं नि:शुल्क ई-पुस्तकालय छन् । किनेर पढ्न सकिने हजारौं ई-पुस्तक छ । मोबाइल र कम्प्युटरमा ती सजिलै उपलब्ध हुन्छन् । अमेजन, कोबो, एप्पलबुक्स आदिबाट यस्ता पुस्तक किन्न सकिन्छ । इन्टरनेट सुविधा लिएका मोबाइल प्रयोगकर्ताहरूका निम्ति मोबाइल नै एक सिङ्गो पुस्तकालय हो । तर पठन संस्कृतिको विकासको निम्ति प्रविधिको समुचित सदुपयोग भएको पाइँदैन । बालबालिका र किशोर-किशोरीहरूबाट यसको दुरुपयोग बढी भएको छ । पढ्नका निम्ति भन्दा अन्य कुराका निम्ति तिनको प्रयोग गरिन्छ । कम्प्युटर, मोबाइल र टेलिभिजनका कारण बिग्रिएका बालबालिका र किशोर-किशोरी निकै छन् । ठुलै पनि यीबाट दुष्प्रभावित छन् । सस्तो मनोरञ्जन, भ्रमपूर्ण यथार्थ र मिथ्या कुरातिर उनीहरूको ध्यान बढी गएको पाइन्छ । सबैभन्दा बढी दुरुपयोग सामाजिक सञ्जालको भएको छ । ती अश्लीलता, अराजकता र भ्रमको प्रचार गर्ने महत्त्वपूर्ण माध्यम बनेका छन् । मानिस त्यसैलाई पत्याउन विवश छन् । पठन संस्कृतिका ठाउँमा यस विरोधी संस्कृतिको निर्माण भएको छ ।

हाबरमासले 'सार्वजनिक वृत्त'को चर्चा गरेको लामो समय भएको छैन । 'पब्लिक स्फेयर' आज 'डिजिटल स्फेयर'मा बदलिएको छ । विलियम गिब्सनको 'साइबर स्पेस'को धारणा यथार्थमा रूपान्तरित हुँदै छ । सञ्चार प्रविधिको उन्नत अवस्थाका बिचमा हामी छौं । इन्टरनेटले हाम्रो जीवनलाई बदलेको छ । एक प्रकारले 'दिक् र काल'को लोप भएको छ । प्रविधि सम्प्रेषणको प्रभावकारी माध्यम बनेको छ । रेमण्ड विलियम्स सम्पूर्ण सांस्कृतिक प्रक्रियालाई एक सम्प्रेषण व्यवस्थाका रूपमा लिन्छन् र सञ्चार प्रविधिको त्यसमा महत्त्वपूर्ण भूमिका देख्छन् । पठन संस्कृति पनि यससँग जोडिन्छ । पठन संस्कृतिको विकासमा प्रविधिको प्रभावकारी प्रयोग युरोप र अमेरिकामा बढी भएको छ ।

विकासका दृष्टिले पछि परेका मुलुकमा पनि प्रविधिलाई पठनका निम्ति उपयोग गर्ने प्रवृत्तिको विकास भएको छ । अहिले पनि संसारमा छापिएका पुस्तक नै बढी पढिन्छन् । छापिएका पुस्तक पढ्नुमै बढी आनन्दानुभूति गरिन्छ । तर डिजिटल पुस्तक र अन्य डिजिटल पठन सामग्रीको प्रयोग पनि बढ्दै छ । संक्षेपमा भन्दा प्रविधि पठन संस्कृतिको विकासको महत्त्वपूर्ण माध्यम हो । यस माध्यमको समुचित प्रयोग व्यक्ति, समाज र राज्यको दायित्व हो । समृद्ध पठन संस्कृति सुन्दर निर्माणको जग हो ।

*(साभार: रातोपाटी)*

# अख्तियार, महालेखाको सुझावको बेवास्ता र दण्डहीनता

सागर पण्डित

संवैधानिक निकायको रुपमा रहेका अख्तियार दुरुपयोग अनुसन्धान आयोग र महालेखा परीक्षकको कार्यालयले संघ, प्रदेश र स्थानीय गरी तीनवटै सरकारलाई सुशासनयुक्त बनाउन, सेवा प्रवाह प्रभावकारी बनाउन र विकास निर्माण कार्यमा दत्तचित्त भएर अघि बढ्ने विषयमा बर्सेनि महत्वपूर्ण सुझावहरु दिँदै आएका छन् । मुलुकको विकास र समृद्धिका लागि गुणस्तरीय सार्वजनिक सेवा, सबल अर्थतन्त्र निर्माण, प्रभावकारी शासकीय प्रबन्ध, कुशल वित्त व्यवस्था, नतिजामूलक विकास व्यवस्थापन, समयानुकूल कानुन र संरचना तथा दक्ष जनशक्ति हुन आवश्यक छ । यसका लागि सार्वजनिक निकायमा बस्ने प्रधानमन्त्रीदेखि कार्यालय सहयोगीहरुसमेत इमानदार, पारदर्शी र कर्तव्यनिष्ठ हुन जरुरी छ । यसका साथै सार्वजनिक निकायहरुले उत्तरदायित्व, पारदर्शिता र निष्ठा प्रवर्द्धन गरी सीमित स्रोत-साधनको समुचित परिचालन गर्न शासकीय प्रबन्ध, अर्थतन्त्र, सार्वजनिक वित्त व्यवस्थापन, सार्वजनिक प्रशासन र सेवा प्रवाह, विकास व्यवस्थापन, सार्वजनिक जवाफदेहिता र सुशासनलगायतमा व्यापक सुधार गर्नुपर्छ । महालेखापरीक्षकको कार्यालयले यस्ता विषयमा सरकारी निकायलाई बारम्बार सुधारको लागि झकझकाउँदै आएको छ भने अख्तियार दुरुपयोग अनुसन्धान आयोगले संघीय सरकारका सबै मन्त्रालयहरुलाई तोकेर नै सुशासन कायम गर्न र भ्रष्टाचार न्यूनीकरण गर्न वार्षिक प्रतिवेदनमार्फत सुधारका लागि कैयौं सुझाव दिँदै आएको छ ।

अख्तियारले आफ्नो ३४ औं वार्षिक प्रतिवेदनमार्फत मुलुकले सन् २०३० सम्ममा दिगो विकास लक्ष्य हासिल गर्दै वि.सं. २१०० सम्ममा समृद्ध नेपाल सुखी नेपालीको दीर्घकालीन सोच हासिल गर्न सुशासनयुक्त शासन व्यवस्थाबाट मात्रै सम्भव रहेको निष्कर्ष निकाल्दै यसका लागि सदाचारी र पारदर्शी संस्कृति, इमानदार र नैतिक नेतृत्व, राज्यका सबै पक्षहरुमा जिम्मेवारीपन र जवाफदेहिता प्रवर्द्धन गर्नुपर्ने निष्कर्षसहित सो अनुसार सरकारी निकायलाई अघि बढ्न लगातार झकझकाउँदै आइरहेको छ । यस्तो निष्कर्षसहित अख्तियारले केन्द्रीय सरकारका सबै मन्त्रालयलाई दर्जनौं सुझावहरु दिएको छ । अख्तियारले यसपटकदेखि यसअघि दिएका सुझावको कार्यान्वयनको अवस्थाको विश्लेषण गर्दै पुन: नयाँ सुझावहरु दिएको छ । अख्तियारले गरेको विश्लेषणलाई हेर्ने हो भने धेरै मन्त्रालयहरुले यसअघि दिएका निर्णयहरु कार्यान्वयनमा तदारुकता देखाउन नसकेको पाइन्छ ।

भ्रष्टाचार आफैंमा जटिल शासकीय समस्या भएकाले यसलाई प्रभावकारीरुपमा नियन्त्रण गर्नका लागि सबै तह र क्षेत्रका जिम्मेवार पदाधिकारीको सहयोग, दृढ संकल्प र प्रतिबद्धता आवश्यक हुन्छ । भ्रष्टाचारविरुद्ध लड्न र सदाचार संस्कृतिको विकास गर्न संघ, प्रदेश र स्थानीय तहका राजनीतिक तथा प्रशासनिक नेतृत्वले पारदर्शिता, जवाफदेहिता र उच्च नैतिकता प्रदर्शन गर्न जरुरी हुने निष्कर्ष अख्तियारको छ । अख्तियारले तीनवटै सरकारलाई अनक्याक, २००३ को कार्यान्वयनको लागि राष्ट्रिय रणनीति तथा कार्ययोजना-२०६९ को हालसम्मको प्रगतिको मूल्यांकन गर्दै संघीय संरचनाबमोजिमको राष्ट्रिय रणनीति तथा कार्ययोजना तर्जुमा गरी संघ, प्रदेश र स्थानीय सरकारको अपनत्वसहित कार्यान्वयन गर्नेलगायत अन्य नीतिगत तथा कानुनी सुधारका लागि सातवटै पुराना सुझावलाई दोहोर्‍याउँदै नयाँ १० वटा सुझाव दिएको छ ।

यसै गरी सार्वजनिक सेवा प्रवाह र सुशासन प्रवर्द्धनका लागि सरकारका प्रमुख निकायलाई यसअघि दिएका ८ वटा सुझावलाई निरन्तरता दिँदै थप ६ वटा सुझावहरु दिएको छ भने आयोजना व्यवस्थापन तथा बजेट विनियोजनसम्बन्धमा ८ वटा पुरानै सुझावलाई सम्झाउँदै ९ वटा नयाँ सुझावहरु दिएको छ । यसै गरी आयोगले सार्वजनिक खरिद व्यवस्थापनमा, सदाचार र नैतिक आचारण प्रवर्द्धनमा, सूचना प्रविधिको उपयोगमा, निर्वाचन प्रणालीका बारेमा, मानव पुँजी व्यवस्थापनका बारेमा, प्राकृतिक स्रोतको उपयोगका सम्बन्धमा सयौं सुझावहरु दिँदै आए पनि सरकारी निकायहरु ती सुझावहरु पालनामा गम्भीर देखिन सकेका छैनन् । यसै गरी अख्तियारले स्थानीय तहको सुधारका लागि यसअघि दिइएका १३ वटा सुझावलाई निरन्तरता दिँदै थप ८ वटा नयाँ सुझावहरु दिएको छ ।

आयोगको सुझाव विपरीत केन्द्रीय सरकारका मन्त्रालयहरुले ऐन-नियम र कानुन विपरीतका कार्यहरु गर्दै आइरहेका छन् भने सुझावको कार्यान्वयन गर्न नसक्दा शासकीय व्यवस्था नै कमजोर हुँदै आइरहेको छ । यसै गरी सार्वजनिक सेवा पनि जनपक्षीय हुन सकेको छैन । भ्रष्टाचार बढिरहेको छ । स्थानीय तहहरुले अख्तियार तथा महालेखाको सुझावअनुसार काम गर्न नसक्दा स्थानीय तहहरु पनि भ्रष्टाचारको अखडा बनिरहेका छन् ।

यसै गरी महालेखाले पछिल्लोपटक आफ्नो ६१ औं वार्षिक प्रतिवेदनमार्फत शासकीय प्रबन्ध, अर्थतन्त्रमा सुधार, सार्वजनिक वित्त व्यवस्थापन, सार्वजनिक सम्पत्तिको व्यवस्थापन, विकास व्यवस्थापन, सुशासन, सार्वजनिक प्रशासनलगायतका विषयमा सरकारी निकायलाई गम्भीर खालका सुझावहरु दिएको छ । भविष्यमा गर्नुपर्ने सुधार शीर्षकमा महालेखाले दिएको सुझावलाई विश्लेषण गर्दा अहिले मुलुकको शासकीय अवस्था कमजोर देखिनुका साथै समयमा नै विचार पुर्‍याउन सकिएन भने अर्थतन्त्र पनि डामाडोल हुन सक्ने अवस्था देखिन्छ । यसै गरी सुशासनको अवस्था पनि कमजोर रहेको महालेखाको विश्लेषण छ ।

केन्द्रीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारलाई महालेखा तथा अख्तियारले यसरी वर्षैपिच्छे सुझाव दिनुपर्ने अवस्था आउनुले सरकारका ती निकायहरुले जिम्मेवारपूर्वक काम गर्न नसकेको पुष्टि हुन्छ । शासकीय व्यवस्था सञ्चालन गर्नका लागि थुप्रै ऐन-नियम र कानुनहरु बनाइएका छन् । सरकारी निकायमा रहनेहरुले यदि ती कानुनको परिपालना राम्ररी गरिदिन सकेको भए तथा जिम्मेवारी र उत्तरदायित्वपूर्ण कार्य गरिदिएको भए अहिले यसरी अख्तियार र महालेखाले बारम्बार सुझावहरु दिइरहनुपर्ने थिएन । ऐन-नियम र कानुनको परिपालना हुन सकेमा भ्रष्टाचारका घटनाहरु पनि धेरै हदसम्म नियन्त्रण हुन सक्थे । तर किन संवैधानिक निकायका सुझाव र सल्लाहरुलाई अलपत्र पारिन्छ ? यो गम्भीर प्रश्न हो । अब यसको जिम्मेवारी ती निकायको राजनीतिक नेतृत्व र प्रशासनिक नेतृत्वले लिनुपर्छ । महालेखा परीक्षकको कार्यालय सरकारका सबै निकायमा बेरुजु घटाउन बारम्बार सुझाव दिन्छ तर उल्टो ती निकायको बेरुजु बर्सेनि थपिँदै आएको छ ।

महालेखा परीक्षक कार्यालयले सधैं सुझाव मात्रै दिनुभन्दा पनि सुझाव कार्यान्वयन नगर्ने र बेरुजु बढाउनेहरुको नाम सार्वजनिक गरी कालोसूचीमा राख्नका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय अनि सरकारका तालुक निकायमा पठाउनुपर्छ । अख्तियारले पनि शासकीय व्यवस्थालाई सबल बनाउन तथा आर्थिक मितव्ययिता अपनाउन सरकारी निकायलाई दिँदै आएको बारम्बारको सुझावको बेवास्ता गर्नेहरुमाथि आवश्यक कारबाही गर्नुपर्छ ।

*(साभार: न्यूज अफ नेपाल)*

फिल्म समीक्षा :

# केटी हराएको सूचना : पारम्परिक चित्रणलाई चुनौती



भनिन्छ, साँचो सुन्दरता सरलतामा लुकेको हुन्छ । चलचित्र 'मिसिङ: केटी हराएको सूचना'ले यो भनाइलाई सार्थक बनाएको छ । अहिले फिल्म जगतमा ठूला सेट र अनगिन्ती पात्रहरूको बाहुल्य छ । विश्वभरि नै हेर्ने हो भने मिनिमलिस्ट (न्यूनतावाद) शैलीमा फिल्म बनाउनेहरू अन्यको तुलनामा सीमित नै छन् । दीपेन्द्र गौचनले आफ्नो फिल्ममा यही न्यूनतावादी शैलीको प्रयोग मार्फत नेपाली समाजको एउटा महत्त्वपूर्ण पक्षलाई प्रस्तुत गरेका छन् ।

दुई पात्रको कथा मार्फत उनले मधेश र पहाडबीचको सम्बन्धलाई नयाँ दृष्टिकोणबाट देखाएका छन् । चलचित्रमा मधेशको सौन्दर्य, संस्कृति र जीवनशैलीलाई सकारात्मक रूपमा चित्रण गरिएको छ । नेपाली फिल्म क्षेत्रमा लामो समयदेखि मधेशी पात्र र मधेशको प्रस्तुतीकरण एकपक्षीय र स्टेरियोटाइप किसिमको रहँदै आएको छ । विशेषगरी मधेशी पात्रलाई हास्य उत्पन्न गर्ने माध्यम वा अपराधी किसिमको पात्रको रूपमा चित्रण गरिँदै आएकोथियो । तर 'मिसिङ: केटी हराएको सूचना' चलचित्रले यस्तो एकपक्षीय चित्रणलाई तोड्ने प्रयास गरेको छ ।

दीपेन्द्र गौचन उनै निर्देशक हुन् जसले सन् १९९२ मा उजेली जस्तो बलियो डकु-ड्रामा बनाएका थिए, साथै 'हाम्रो मुमिन' जस्तो एनिमे टेलिभिजन शृंखला नेपालमा भित्र्याएका थिए । यी दुवै चिजले गौचनको चलचित्रप्रतिको गहिरो रुचि र सामाजिक विषयवस्तुप्रतिको संवेदनशीलता प्रस्ट पार्छन् । लगभग तीन दशकपछि नेपाली फिल्म क्षेत्रमा फर्किएका उनले आफ्नो कमब्याक बलियो तरिकाले गरेका छन् ।

फिल्मको कथा एउटा डेटिङ एपबाट सुरु हुन्छ । पहाडे युवती जेसी/सीता (सृष्टि श्रेष्ठ) छिन् भने अर्कोतिर मधेशका रामवरण ठाकुर (नाजिर हुसेन) । समय र परिस्थिति यस्तो बन्छ कि सीतासँगको पहिलो भेटमै राम उनलाई बेहोश अवस्थामा जनकपुर लिएर पुग्छन् । यो अनपेक्षित यात्राले दुई भिन्न सांस्कृतिक पृष्ठभूमिका पात्रहरूबीच एक सम्बन्धको बीज रोप्छ । पहाड र मधेशका यी दुई पात्र बीच क्रमश: विकसित हुँदै जाने सम्बन्ध र फक्रँदै जाने प्रेमको कथा नै फिल्मको मूल सार हो ।

फिल्मका दुवै मुख्य पात्रहरूको चरित्र निर्माण बलियो ढङ्गले गरिएको छ । विशेषगरी रामको पात्रले मधेशी समुदायको प्रतिनिधित्वलाई एकदमै फरक र सशक्त ढङ्गले प्रस्तुत गरेको छ । एक सफल आइटी इन्जिनियरको रूपमा उनले आधुनिक जीवनशैली र आफ्नो सांस्कृतिक पहिचान दुवैलाई सन्तुलित रूपमा बोकेका छन् । उनी महँगो गाडी चलाउँछन्, स्पष्ट भाषामा आफ्ना कुरा राख्न सक्छन् र साथसाथै आफ्नो मैथिली भाषा र संस्कृतिसँग पनि गहिरो रूपमा जोडिएका छन् ।

नाजिरको चरित्र अन्य चलचित्रहरूमा देखिने मधेशी पात्रहरूभन्दा एकदम भिन्न छ । उनलाई न त हास्यव्यंग्यको पात्रको रूपमा प्रस्तुत गरिएको छ, न त दयनीय पात्रको रूपमा नै । बरु, उनी एक आत्मविश्वासी, शिक्षित र सचेत नेपाली नागरिकको रूपमा देखिन्छन् । उनको स्वभाव कोमल छ तर सामाजिक विभेद र अन्यायका विरुद्धमा उनी दृढतापूर्वक आवाज उठाउन पछि पर्दैनन् । नाजिरले निभाएको यो भूमिकाले नेपाली चलचित्र क्षेत्रमा मधेशी पात्रको प्रस्तुतीकरणमा एउटा नयाँ मापदण्ड स्थापित गरेको छ । उनको पात्रले विभेद, नश्लीय सोच र रङ्गभेद जस्ता जटिल सामाजिक मुद्दाहरूलाई निर्भीकतापूर्वक सम्बोधन गर्दछ ।

अर्कोतिर सीताको पात्र पनि आत्मविश्वासी र स्वतन्त्र नारीको रूपमा प्रस्तुत गरिएको छ । उनी आफ्नो जीवनको बाटो आफैं रोज्ने, आफ्ना निर्णयहरू स्वयं लिन सक्छिन् । उनको व्यक्तित्व पुरुष पात्रमा आश्रित छैन, न त उनको अस्तित्व कसैको छायाँमा सीमित छ । उनको पात्रले नेपाली समाजमा जरा गाडेर बसेका लैङ्गिक रूढीवादी सोचलाई चुनौती दिन्छ ।

फिल्मको एउटा दृश्यमा सीता र रामबीचको संवादले मधेशी समुदायको पहिचानको प्रश्नलाई देखाएको छ । सीताले जब "हाम्रो घरमा फलफूल बेच्न आउनुहुन्थ्यो एक जना भैया" भन्छिन्, रामले त्यसको जवाफमा भन्छन् - "हामी तराईमा बस्ने नेपालीलाई पनि इन्डियन नै सोच्छौ होइन तिमी? तिमी जत्ति नेपाली हौ म पनि त्यत्ति नै नेपाली हुँ ।" यो छोटो तर शक्तिशाली संवादले नेपाली समाजमा मधेशी समुदायले भोग्नुपरेको पहिचानको सङ्कट र विभेदको पीडालाई मार्मिक ढङ्गले प्रस्तुत गर्छ ।

मधेश आन्दोलनको सन्दर्भलाई पनि चलचित्रले संवेदनशील तरिकाले समेटेको छ । राम र सीताको प्रेमकथालाई माध्यम फिल्मले मधेश आन्दोलन र यसले नेपाली समाजमा पारेको गहिरो प्रभावलाई अत्यन्त सूक्ष्म र कलात्मक ढङ्गले चित्रण गरेको छ । सौंयताका लागि भएको मधेश आन्दोलन, त्यसबेला जलेको मधेश र यसले पहाडी-मधेशी सम्बन्धमा पारेको प्रभावलाई प्रस्तुत गरेको छ ।

फिल्मले मधेशी समुदायले भोगेको पहिचानको सङ्कट, राज्यबाट भएको विभेद र नेपाली नागरिकका रूपमा स्थापित हुन गर्नुपरेको सैर्षलाई प्रभावकारी ढङ्गले उजागर गरेको छ । यी संवेदनशील विषयहरूलाई न त अतिरञ्जित बनाइएको छ, न त सतही रूपमा प्रस्तुत गरिएको छ । फिल्मले दर्शकलाई मधेश आन्दोलनको उपलब्धि, संघीयताको कार्यान्वयन र नागरिक पहिचानको प्रश्नमाथि गम्भीर चिन्तन गर्न प्रेरित गर्छ । फिल्म मार्फत गौचनले जटिल सामाजिक-राजनीतिक यथार्थलाई सरल र मनोरञ्जनात्मक ढङ्गले प्रस्तुत गरेका छन् ।

फिल्मको सिनेमाटोग्राफीले मधेशको सौन्दर्यलाई कैद गरेको छ । मधेशका समथर फाँट, पोखरी, आँपका रूखहरू, रेल जनकपुर धामको रौनक, मिथिला चित्र, होली जस्ता दृश्यहरूलाई क्यामेराले सुन्दर ढङ्गले समेटेको छ । छायाङ्कन र सम्पादनले कथालाई अझ प्रभावकारी बनाएका छन् ।

नजिरले अभिनय कौशलले आफ्नो पात्रलाई न्याय गरेका छन् । उनको पात्रमा न त कृत्रिमता छ, न त अतिरञ्जना । विशेषगरी नाजिरको पात्रले बोल्ने नेपाली र मैथिली भाषाको स्वाभाविकता, उनको हाउभाउ र संवादले दर्शकलाई आफ्नो पात्रसँग जोड्न सफल भएको छ । सृष्टिले चरित्र अनुसार अभिनयमा सुधार्न मिल्ने थुप्रै ठाउँहरू छन् । उनको चरित्रको पृष्ठभूमि स्पष्ट रूपमा खुलाइएको छैन, जसरी रामको खुलाइएको छ ।

फिल्मका केही दृश्यहरू लामो छन् । मुख्य कुरा फिल्मको क्लाइमेक्स बलियो छैन । फिल्मको अन्त्यमा जेलवाला दृश्य नराखेको भए पनि फिल्म सुन्दर तरिकाले नै समापन हुन्थ्यो । समग्रमा फिल्मले मधेश र मधेशी पात्रको प्रस्तुतीकरणमा देखिएको एकपक्षीय दृष्टिकोणलाई तोड्दै, मधेश-पहाड सम्बन्धको नयाँ आयाम प्रस्तुत गरेको छ । साथै यो चलचित्रले नेपाली चलचित्र क्षेत्रमा मधेशको वास्तविक सौन्दर्य र जीवन प्रस्तुत गर्ने एउटा सफल प्रयास गरेको छ । *(स्रोत:अनलाइनखबर)*

# 'औरा' कविता संग्रह ल्याउँदै राजवल्लभ : यहाँसम्म आइपुग्न ४३ वर्ष लाग्यो




काठमाडौं/अभिनेता समेत रहेका राजवल्लभ कोइरालाले कविता संग्रह 'औरा' सार्वजनिक गरेका छन् । शनिबार आयोजित समारोहमा उनले आफ्नो साहित्यिक परिचयमा नयाँ प्वाँख थपे ।

आफूलाई यहाँसम्म आइपुग्न ४३ वर्ष लागेको उनले बताए । 'कलाकार संवेदनशील हुन्छन्, कवि पनि । आज मेरो दुई पक्ष, कलाकार र कविले आत्मीयता पाएको अनुभूति गरेको छु । यहाँसम्म आइपुग्न मलाई ४३ वर्ष लाग्यो' उनले भने ।

यो कृति छोरी औरामा समर्पित रहेको उनले बताए । 'मेरो कविता मन पराउनेहरूले कहिलेकाहीँ कविता संग्रह निकाल्न आग्रह गर्नुहुन्थ्यो । यो पुस्तक मेरो छोरीका लागि एउटा उपहार हो, साथै मलाई माया गर्ने सबैका लागि पनि । पछिल्लो पटक 'एक्टर: टेक वन' फिल्मको छायांकन चलिरहँदा यस पुस्तकको तयारी भएको थियो' उनले भने । आफू कवि नभएको, तर कवि भनेर माया पाएको बताउँदै कोइरालाले पछाडि फर्केर हेर्दा, आफ्ना पिताले पनि कहिलेकाहीँ कविता लेख्ने गरेको सम्झना गरे । 'समाजमा देखिने दु:खहरूले मलाई गहिरो रूपमा प्रभावित पार्थे । हाम्रो घरमा गन्धर्वहरूले पीडाका गीत गाउने गर्थे, जसले मलाई झन् प्रभाव पार्‍यो । स्कुले जीवनमै कविता लेख्न थालेको थिएँ," उनले भने ।

कोइरालाले आफ्नो छोरी औरा र श्रीमती प्रतिमालाई समर्पित गर्दै कविता वाचन गरे । पुस्तक विमोचन अवसरमा साहित्यकार विप्लव प्रतीक, पत्रकार दिलभुषण पाठक, फिल्म निर्देशक दीपाश्री निरौला, निर्माता तथा गीतकार अविरल थापालगायत सर्जक तथा साहित्यप्रेमीहरूले पुस्तकमा संग्रहित कविता वाचन गर्दै धारणा राखे ।

साहित्यकार विप्लव प्रतीकले पुस्तकको उत्कृष्ट डिजाइन र कविताहरूको गहिराइको प्रशंसा गरे । प्रतीकले आफूले राजवल्लभलाई पहिलो पटक अमेरिकाको ड्यालसमा भेटेको सम्झना गर्दै पहिलो भेटबाट नै घनिष्ठ रहेको बताए ।

'औरा' संग्रहलाई साहित्यपोस्ट डटकमले प्रकाशन गरेको हो । १०० भन्दा बढी कविता समावेश गरिएको संग्रहको आवरण कलाकार चिराग बाङ्देलले डिजाइन तयार गरेका छन् ।

कोइरालाको करिअरको सुरुवात पोखराको रेडियोबाट भएको थियो । सन् २००७ मा 'पर्खी बसेँ'बाट फिल्ममा अभिनय यात्रा थालेका थिए । ९ वर्षको करिअरमा उनले ३ दर्जन फिल्ममा अभिनय गरेका छन् । लामो समयदेखि उनी अमेरिकाको मेरिल्याण्डमा बस्दै आएका छन् । उनले पुनरागमन गरेको फिल्म 'एक्टर : टेक वन' प्रदर्शन भैरहेको छ ।

# कृष्णलाई सडक नाटकले दिलाएको 'जुना'



काठमाडौं/डेढ दशकदेखि नाटक, गाईजात्रा प्रहसन र हास्य टेलिसिरियलमा काम गर्दै आइरहेका कलाकार कृष्णप्रसाद धिताल अब फिल्ममा देखा पर्दैछन् । त्यो फिल्म हो, 'जुना: एक व्यथा' । यही माघ २५ गतेबाट प्रदर्शन हुन लागेको फिल्ममा उनले कलाकार अस्मिता ढकालको श्रीमान् बिर्खलालको भूमिका निभाएका छन् । फिल्मको ट्रेलर हेर्दा उनको पात्र सन्की र घमण्डी स्वभावको देखिन्छ ।

कृष्णले 'जुना'मा काम गर्ने अवसर पाउनुको कथा रोचक छ । उनले यो फिल्म सडकमा पाएका थिए । उनी सम्झन्छन्, 'रत्नपार्कमा परिवार नियोजनसम्बन्धी एउटा नाटक देखाइरहँदा निर्देशक जीवन सेन्चुरीले त्यो नाटक हेरिरहनुभएको रहेछ । उहाँले मेरो काम मनपराउनु भएछ । फिल्मका लागि चाहिने पात्र अनुसार म फिट देखिएछु । त्यही कारण फिल्मको प्रस्ताव गर्नुभयो ।'

आफ्नो नाटक समूह आवाज आर्ट क्रिएसनमार्फत नेपालका थुप्रै गाउँमा पुगेर नाटक प्रहसन गरेका कृष्णले प्राय: नाटकमा बाल विवाह, अनमेल विवाह, महिला हिंसाका मुद्धा उठाएका थिए । 'जुना'को विषयवस्तु पनि यहीसँग सम्बन्धित भएकाले उनलाई काम गर्न त्यति असहज भएन । यद्यपि, नाटक र फिल्ममा काम गर्ने शैली फरक हुने उनको अनुभव छ ।

नाटकसँगै केही टेलिभिजन सिरियलमा समेत काम गरेका कृष्ण भन्छन्, 'सिरियलमा क्यामरा फेस सामान्य तरिकाले गरिएको थियो । तर, फिल्ममा फरक हुने रहेछ । फिल्मको प्राविधिक पक्षबारे मलाई धेरै थाहा थिएन । नाटकमा हामी एक हिसाबले स्वतन्त्रता हुन्थ्यौं तर फिल्ममा सीमित घेराभित्र बसेर काम गर्नुपर्दो रहेछ । मेरो बुझाइमा फिल्म भनेको निर्देशक हो र नाटक कलाकार हो ।'

कृष्णले फिल्मको पात्रको तयारीका लागि कसैलाई भेटेनन् । बरु त्यो पात्रलाई 'भिजुलाइज' गर्दै लुक्सदेखि बोल्ने, हिँड्ने हरेक शैली दिमागमा उतारे । यो अभ्यास उनले नाटकमा गरिसकेका थिए । 'म प्राय: नाटकमा त्यही पात्रमा अभिनय गर्थें । त्यसकारण पनि ममा अभ्यास राम्रै थियो । सुटिङअघिको वर्कसपले पनि थप मजबुत बनायो', उनी भन्छन् ।

कृष्णलाई नाटकको अभिनयले फिल्ममा चरित्र निभाउन निकै सजिलो भएको रहेछ । 'गाउँ-गाउँमा नाटक गर्न जाँदा त्यस्ता पात्र मैले समाजमा देखेको थिएँ । नाटक हेर्न आउनेले त्यस्ता घटना सुनाउथे, कति पीडित पनि भेट्न आउँथे । नाटक देखाइसकेपछि दर्शकहरु आफ्नो कथा सुनाउन आउँथे । जसले गर्दा पनि मलाई फिल्ममा चरित्र स्थापित गर्न सजिलो भयो', कृष्ण भन्छन् ।

फिल्मको सुटिङ हुँदा कृष्ण ८५ किलोका रहेछन् । अनुहारमा हल्का दाह्री पनि थियो । फिल्मको छायांकन पूरा भएपछि उनी ५२ किलोका भए । अहिले ६४ किलोका छन् । 'त्यो बेलाको लुक्स र अहिलेको लुक्स एकदमै फरक देखिन्छ । त्यसकारण पनि धेरै मान्छेले त्यो पात्र मैं हुँ भन्दा पत्याउँदैनन्,' कृष्ण हाँस्छन् ।

उनी 'जुना'को कथा प्रभावशाली रहेको बताउँछन् । यसैले फिल्मले 'बोल्ड' किसिमले सन्देश प्रवाह गर्नेमा उनी विश्वस्त छन् । 'हामी वर्षौंदेखि सामाजिक विषयमा नाटक गरिरहेका थियौं । समाज सुधारका लागि नाटकलाई माध्यम बनाइरहेका थियौं । अब फिल्मले अझ बोल्ड किसिमले समाजमा सन्देश प्रवाह गर्न सक्छ भन्ने विश्वास छ,' उनले भने ।

जीवन सेन्चुरीको निर्देशन तथा दीपकप्रसाद घिमिरेको निर्माण रहेको फिल्ममा कृष्णका साथै अस्मिता ढकाल, कृष्णप्रसाद धिताल, देशभक्त खनाल, रश्मी भट्ट, कमल बोहोरा, अस्मिता बस्नेत लगायतको अभिनय छ । बाल विवाह र महिला हिंसाविरुद्धको कथामा बनेको फिल्ममा राजबहादुर सानेको कथा लेखन, बीबी अनुरागी र रमेश सेञ्चुरीको संगीत तथा रामेश्वर हुमागाईंको डीओपी छ ।

# महाकुम्भ स्नानपछि फर्किंदा दुर्घटनाले शोकमा महोत्तरी



काठमाडौं/भारतको मधुवनीमा शनिबार दिउँसो भएको दुर्घटनामा परेर मृत्यु भएका पाँचै नेपाली महाकुम्भमा स्नान गरेर फर्किएका थिए । उत्तरप्रदेशको प्रयागराजमा महाकुम्भ स्थान गरेर फर्किंरहेका बेला नेपालीहरू चढेको गाडी मधुवनीस्थित मुख्य सडकमै दुर्घटना भएको थियो । दुर्घटनामा पाँचको घटनास्थलमै मृत्यु भयो भने अन्य चार गम्भीर घाइते भए ।

त्रिवेणी स्नान गरेर घर फर्किँदै गरेका बेला दुर्घटना भएको र पाँचजनाको मृत्यु भएको खबर पाएको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ ।

मृत्यु हुनेमा महोत्तरीको जलेश्वर नगरपालिका-७ बस्ने ६० वर्षीय बालकृष्ण झा, उनकी पत्नी ५० वर्षीया इन्दु देवी, महोत्तरीकै मनरासिश्वा नगरपालिका-२ बस्ने ५० वर्षीया मनतारन देवी र धनुषा जिल्लाको गङ्गुली बस्ने भाञ्जी ३० वर्षीया अर्चना झा छन् ।

सोही घटनामा परी मृतक बालकृष्णका भाञ्जा ३० वर्षीय मनोहर ठाकुर, भाञ्जी २५ वर्षीया कामिनी झा, बहिनी ५० वर्षीया जगतारण देवी र नातिनी सात वर्षीया सृष्टि झा गम्भीर घाइते भएका छन् । सबैको मुजफ्फरपुरमै उपचार भइरहेको खबर प्राप्त भएको जलेश्वर नगरपालिका-७ का वडासदस्य सुल्तान कवारीले जानकारी दिए । कवारीका अनुसार सबैजना एकैपरिवारका हुन् ।

दुई परिवारका सदस्यहरू एकसाथ कुम्भ स्नान गर्न गएका र फर्किने बेला दुर्घटना परेको स्थानीयले बताएका छन् । घटनापछि महोत्तरी शोकमा छ । प्रत्येक कुम्भका बेला सीमावर्ती क्षेत्रबाट ठूलो संख्यामा स्नान गर्न जाने चलनछ ।

यसपटक महोत्तरीबाट गएका उनीहरू बी आर ३२पी ए ४६६१ नम्बरको गाडीमा नेपाल फर्किंदै थिए । त्यसक्रममा मुजफ्फपुरको सदरथाना क्षेत्रको मादापुर सडकमा रहेको मधुवनी मन्दिरनजिकै गाडी दुर्घटना भएको थियो । जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्ता प्रहरी उपरीक्षक सन्तुलालप्रसाद जैसवारले पाँच जना मृत्यु भएको र चार जना घाइते भएको खबर आए पनि विस्तृत विवरण प्राप्त नभएको जानकारी दिए ।

*(स्रोत:अनलाइनखबर)*

# टिकटकमा भेटिएकी 'पलेँटी' भन्दा कान्छी गायिका

काठमाडौं/ मानभवनस्थित तत्कालीन नेपालय आरशालामा २० वर्षअघि सुरु भएको थियो पलेँटी शृंखला । आज पनि युट्युबदेखि स्पटिफाइसम्म यसका शान्त, मोहक गीतहरू सुन्न पाइन्छन् । करिब बिर्सन लागिएका, अनि अत्याधुनिक प्रविधिले थुपारेको हल्लासँगै इतिहासको गर्तमा पुरिएका अजर अमर गीतसमेतलाई खोजेर नयाँ स्रोतासामू पुऱ्याएको जस पलेँटीलाई जाने गर्छ ।




संगीतकार आभासले दुई दशकअघि सुरु गरेको यही 'पलेँटी' भन्दा २ वर्षपछि जन्मिइन् अभिज्ञा घिमिरे । शुक्रबार साँझ कालिकास्थानमा उनी र अर्का गायक बेनुप क्षेत्रीको भागमा नेपाली संगीत र वाङ्मयका दिवंगत, तर अमर रत्नहरूका ११ गीत परे । नेपालयले कालिकास्थानको नवनिर्मित आरशाला अर्थात् रिहर्सल स्थलमा शुक्रबार साँझ बितेका ११ स्रष्टा सम्झिइयो । माधवप्रसाद घिमिरे, रत्नशमशेर थापा, विनोद स्याङ्देन, फत्तेमान, भीम विराग, प्रेमध्वज प्रधान, योगेश वैद्य, अम्बर गुरुङ, मीरा थापा, कुमार सुब्बा, राममान तृषितका गीतहरूलाई अभिज्ञा र बेनुपले गाउँदा संगीतकार आभास उद्घोषणमा थिए ।

'यी ११ जना स्रष्टा पलेँटीमा आउनुभएको थियो, जो बीचका यी वर्षहरूमा बित्नुभयो,' आभासले भने, 'उहाँहरूले लेखेका, संगीत गरेका, गाएका गीतहरूमा साझा तत्व रहेछ- फूल । आज प्रस्तुत गीतहरूमा तिनै अमर फूलहरूको सुवास छ ।' आभासले अभिज्ञाबारे भन्दैगर्दा यो पनि खुलाए, 'उनी पलेँटी सुरु भएको दुई वर्षपछि जन्मेकी छोरी पुस्ता हुन् । उनलाई हामीले टिकटकबाट छानेका हौं ।'

तारादेवीको 'फूलैफूलको मौसम तिमीलाई' देखि मन्जुलको 'एक थुंगा मायालाई' सम्मका गीतहरू सम्झँदा सबै गीतको साझा भाव 'फूल' मा गएर उनिएको थियो । केवल विस्मातको कुरा यो थियो कि यीमध्ये कुनै गीतका गायक-गायिका, कुनै गीतका संगीतकार, कुनै गीतका रचनाकार यो बीचमा बितेका थिए ।

नेपालयका किरणकृष्ण श्रेष्ठले यी स्रष्टाहरूलाई गुमाउनुपर्दाको अवसाद सुनाउँदै अब अमर संगीतहरूमा उनीहरूलाई बचाइराख्ने प्रण गरे । उनले स्तरीय संगीत र कलालाई बचाइराख्न सबैको साथ चाहिने आह्वान पनि गरे ।

अभिज्ञा र बेनुपलाई किबोर्डमा दिनेश रेग्मी, गितारमा कृपेश लोहनी, बाँसुरीमा मिलन घिमिरे, पर्क्युसनमा पारसमणि सुवेदी, तबलामा लक्ष्मीप्रसाद डंगोलले साथ दिए । नेपाली आधुनिक तथा सुगम संगीतलाई नयाँ पुस्तामाझ गुणस्तर सहित पस्किरहेको नेपालयका प्रमुख श्रेष्ठले अब पलेँटीले फेरि विगत वर्षहरूझैं नियमितता पाउने बचन दिए ।

अर्को महिना दार्जिलिङबाट चन्दन लोम्जेल, डेजी बराइली, विमोचना लोम्जेल सहभागी हुनेछन् । नोर्देन रुम्बाका आखिरी वर्षहरूमा रचिएका गीतहरू प्रस्तुत हुने संगीतकार तथा नेपालयका संगीत निर्देशक आभासले बताए ।

आभास तिनै गायक, संगीतकार हुन् जो विभिन्न क्लाकार अनि गीत, संगीत खोज्दै नेपाल र भारतका विभिन्न ठाउँहरू पुगेका छन् । अनि, भ्रमण क्रममा भेटेका मध्ये थुप्रै स्तरीय गायक, संगीतकारलाई पलेँटीमा बसाएका छन् । तिनै आभासको नयाँ खोजी हुन्, अभिज्ञा । धनुषामा जन्मेकी उनी अहिले भक्तपुरस्थित सैनिक विद्यालयमा पढ्दैछिन् । ४ वर्षको उमेरदेखि नै आफू संगीत साधनामा लागेको उनी बताउँछिन् । अर्थात् उनको साधना वर्ष भयो १४ ।

अभिज्ञाले संचारकर्मीसँग कुरा गर्दै आफू विगतमा लता मंगेशकर, आशा भोसले लगायतलाई सुन्दै आए पनि नेपाली गीतहरूमा गहिरो गरी लगाव बढ्दै गएको सुनाइन् । पलेँटीमार्फत् लिएको अनुभवलाई उनले गर्वका साथ सुनाउँदै भनिन्, 'सारेगमप लगायत प्लाटफर्ममा यसअघि गाइसकेकी थिएँ । पलेँटीजस्तो स्तरीय अनि प्रतिष्ठित इतिहास भएको ठाउँमा गाउन पाउँदा एकदमै खुसी छु ।'

*(स्रोत:अनलाइनखबर)*

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

The complete office solution
Contact No. 9845292140,
057-527041, Schoolroad,
Hetauda-4
tonerhouse_htd@yahoo.com

# सामाजिक संजाललाई नियमन गर्नुपर्छ–योगेश भट्टराई



साझाकुरा संवाददाता

हेटौंडा, १९ माघ/ नेपाल कम्युनिष्ट पार्टी (एमाले)का सचिव योगेश भट्टराईले सामाजिक संजालको प्रयोगलाई नियमन गर्नुपर्ने धारणा राखेका छ । भट्टराईले जातीय विद्वेष, सत्ताको कमजोरी, राष्ट्रिय एकता र व्यक्तिगत मर्यादामा नोक्सान पुऱ्याउने सामग्रीको प्रचारलाई रोक्नका लागि सामाजिक संजालमा नियमन आवश्यक रहेको बताएका हुन् ।

प्रेस चौतारी नेपाल मकवानपुर शाखाको नवौं जिल्ला अधिवेशनलाई सम्बोधन गर्दै भट्टराईले सामाजिक संजाललाई निषेध गर्न सकिने अवस्था नरहेको बताए । पूर्वप्रधानमन्त्री प्रचण्डको पालामा बन्द गरिएको टिकटकलाई प्रधानमन्त्री ओलीको पालामा पुन: खोलिएको उदाहरण दिँदै, पार्टीले सामाजिक संजाललाई प्रतिबन्ध नगरी, त्यसको प्रयोगमा नियमन गर्नुपर्ने भन्दै सामाजिक मिडिया प्लेटफर्महरुको नियमनको आवश्यकता रहेको जनाएका छन् ।

उनले भने 'समाजमा अनैतिक र भ्रामक कुरा फैलाएर सामाजिक असमझदारी सिर्जना गर्नुहुँदैन, यसका लागि प्रभावकारी नियमन जरुरी छ ।' भट्टराईले फेसबुक, ट्विटर, टिकटक जस्ता सामाजिक मिडिया प्लेटफर्ममा अनैतिक र भ्रामक सामग्रीको प्रसारलाई रोक्नुपर्ने धारणा व्यक्त गरे । यसका साथै, यस्ता प्लेटफर्म मोनोटाइज गरी पैसा कमाउनेहरुलाई करको दायरामा ल्याउन आवश्यकता रहेको बताएका छन् ।

नेकपा एमालेका सचिव भट्टराईको प्रमुख अतिथ्यतामा भएको कार्यक्रममा विशेषअतिथि नेकपा एमाले केन्द्रीय सदस्य रामेश्वर राना रहेका थिए । एमाले केन्द्रीय सदस्य भारती पाठक, पूर्वमन्त्री तथा प्रदेशसभा सदस्य एकालाल श्रेष्ठ, प्रेस चौतारी नेपालका उपाध्यक्ष गणेश पाण्डे, नेकपा एमाले मकवानपुरका उपाध्यक्ष हिदम लामा लगायत नेता कार्यकर्ता तथा विभिन्न प्रेस संगठनमा आवद्ध पत्रकारको उपस्थिति रहेको थियो ।

# लागूऔषध सेवन गरी सवारी चलाएको आरोपमा दुईजना पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, १९ माघ/ मकवानपुर प्रहरीले लागुपदार्थ सेवन गरी सवारीसाधन चलाउँने दुईजना चालकलाई पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय मकवानपुर र जिल्ला ट्राफिक प्रहरी कार्यालय मकवानपुरबाट चेकिङमा खटिएको संयुक्त प्रहरी टोलीले भीमफेदी गाउँपालिका-१ बाघझोरास्थित त्रिभुवन राजपथ सडकखण्डमा सवारीसाधन रोकी चेकजाँच गर्ने क्रममा दुईजना चालकलाई पक्राउ गरेको हो । पक्राउ परेका चालकलाई नियन्त्रणमा लिई लागूऔषध मुद्दाको कसुरमा मकवानपुर जिल्ला अदालतबाट १० दिनको म्याद थप अनुमती लिई अनुसन्धान कार्य भईरहेको जनाईएको छ ।

मकवानपुरका प्रहरी प्रवक्ता प्रहरी नायवउपरीक्षक श्यामु अर्यालका अनुसारचेकजाँचको क्रममा ना १ ज ५४४६ नं. को सुमो चालक काठमाडौंको दक्षिणकाली नगर पालिका-७ बस्ने वर्ष ३५ को सन्तोष संजेल र ललितपुरको गोदावरी नगर पालिका-४ बस्ने वर्ष ३६ को सुविन पहरीलाई शंका लागि ड्रग्स टेष्ट किटबाट स्वास्थ्य परीक्षण गर्दा लागूऔषध सेवन गरेको पाइएपछि निजहरुलाई पक्राउ गरिएको हो ।

# चौतारीमै फर्किए 'बियोगी'



साझाकुरा संवाददाता

हेटौंडा, १९ माघ/ नेकपा एकीकृत समाजवादी निकट समाजवादी प्रेस संगठन मकवानपुरका अध्यक्ष शिव 'बियोगी' चौलागाई प्रेस चौतारी मकवानपुरमा फर्किएका छन् ।

प्रेस चौतारी मकवानपुरको नवौं जिल्ला अधिवेशनमा समाजवादी प्रेस संगठनका जिल्ला अध्यक्ष चौलागाईंसहित सिङ्गो जिल्ला कमिटी प्रेस चौतारी नेपालमा समाहित भएको हो । अध्यक्ष चौलागाईसहितका नेतालाई नेकपा एमालेका सचिव योगेश भट्टराईसहित प्रेस चौतारीका नेताले स्वागत गरेका हुन् ।

समाजवादी प्रेस संगठनका अध्यक्ष, उपाध्यक्ष, महासचिव, सचिव, कोषाध्यक्षसहित केन्द्रका सबै नेता प्रेस चौतारीमा समाहित भएपछि समाजवादी प्रेस संगठनका देशभरका सदस्य प्रेस चौतारीमा समाहित हुने क्रम जारी रहेको छ ।

# रेडियो मकवानपुरको शिबिरमा १४४ को स्वास्थ्य परीक्षण




साझाकुरा संवाददाता

हेटौंडा, १९ माघ/ रेडियो मकवानपुरले मकवानपुरगढी-४ मा आयोजना गरेको नि:शुल्क स्वास्थ्य परीक्षण शिविरमा १४४ जनाले सेवा लिएका छन् ।

रेडियोको १५ औं वार्षिकोत्सव तथा रेडियोको सञ्चालक संस्था दिव्यतारा बहुउद्देश्यीय सहकारी संस्थाको २७ औं स्थापना दिवसको अवसरमा आयोजित सप्ताहव्यापी कार्यक्रमअन्तर्गत मकवानपुरगढी-४ को ठेकीचोकमा आयोजित स्वास्थ्य शिविरमा १४४ जनाले स्वास्थ्यपरीक्षण गरेका हुन् । हेटौंडा-६ मा रहेको सिद्धस्थली ग्रामीण अस्पतालसँगको सहकार्यमा स्वास्थ्य शिविर भएको हो । शिविरमा विशेषगरी प्रेसर र सुगरका बिरामीको परीक्षण गरिएको थियो । अन्य विरामीले पनि स्वास्थ्य जाँच गराएका थिए ।

रेडियो मकवानपुर सञ्चालक समितिका अध्यक्ष आनन्दराम पराजुलीको अध्यक्षतामा भएको कार्यक्रममा अस्पतालका व्यवस्थापक गोमा गौतम, स्थानीय समाजसेवी सर्कलाल लो, रेडियो मकवानपुरका पोष्टराज अधिकारी 'कुमार' लगायतले मन्तव्य व्यक्त गरेका थिए । सामुदायिक रेडियो हुनुको कर्तव्य पूरा गर्ने क्रममा प्रत्येक वर्ष सप्ताहव्यापी कार्यक्रमको आयोजना गर्दै आएको अध्यक्ष पराजुलीको भनाई थियो । आगामी दिनमा पनि यस्ता कार्यक्रमलाई निरन्तरता दिँदै उनले बताए ।

अस्पतालका व्यवस्थापक गौतमले रेडियोसँग सहकार्य गर्दै स्वास्थ्य शिविरको आयोजना गर्न पाएकोमा खुसी व्यक्त गर्दै आगामी दिनमा पनि सहकार्य जारी राख्ने बताइन् । रेडियोले १६ गतेदेखि २२ गतेसम्म सप्ताहव्यापी कार्यक्रमको आयोजना गरिरहेको छ । आइतबार हेटौंडाको एक विद्यालयलाई सेनेटरी प्याड हस्तान्तरण, २१ गते मिडिया कप फुट्सल प्रतियोगिता र २२ गते सामुदायिक सम्मान तथा सप्ताहव्यापी कार्यक्रमको समापन रहेको रेडियोका स्टेसन म्यानेजर गणेशदर्पण अधिकारीले जानकारी दिए ।

# विषादी भेटिएपछि बिक्नै छाड्यो रायोसाग



काठमाडौं, १९ माघ/ कालीमाटी तरकारी बजारमा आएका रायोसागमा विषादी भेटिएको खबर फैलिएपछि यसको बिक्री ह्वात्तै घटेको छ । उपभोक्ताले रायोसाग किन्नै छाडेका छन् । बजारमा नबिकेपछि बारीबाट किसानको साग उठ्न छाडेको छ ।

जति सस्तो दिन्छु भन्दा पनि साग व्यापारी नै आउन छाडेको भक्तपुर दुवाकोटकी शर्मिला तिमिल्सिना बताउँछिन् । शर्मिलाले करिब डेढ रोपनीमा रायोसाग खेती गरेकी छिन् । उनले दैनिक १ सय मुठा जति साग बेच्दै आएकी थिइन् । रायोसाग नबिकेपछि उनी निराश छिन् ।

'मल, बीउको खर्च त छँदैछ, पानी लगाएको पनि घण्टाको हिसाबमा पैसा तिर्नुपर्छ,' शर्मिला भन्छिन्, 'अझ यसमा आफूले खटेको श्रमको त हिसाब नै छैन । यसपालिको लगानी बेकार भो !'

लाइकीरा, पुतलीले असर गरेर कहिलेकाहिँ हाल्ने गरे पनि अहिले कुनै विषादी नहालेको उनको दाबी छ । अन्य तरकारी जस्तो सागलाई खासै औषधि पनि हाल्नु नपर्ने उनी बताउँछिन् ।

विषादीको हल्ला हुनुभन्दा पहिला साग मुठाको १५ मा बिक्री हुन्थ्यो, अहिले ५ रुपैयाँ मुठामा दिँदा पनि उठाउने मान्छे पाउन गाह्रो भएको उनको गुनासो छ ।

मुलपानीमा जग्गा भाडामा लिएर साग खेती गर्दै आएका शुक्र तामाङ विषादी भेटिएको खबर पछि लाखभन्दा बढी घाटा भएको सुनाउँछन् । औषधि, उपचार नगरी साग राम्रो नहुने, साग राम्रो हुँदा नबिक्ने हुँदा किसानलाई कसै गरे पनि सुख नभएको तामाङको गुनासो छ ।

'कीरा लागेको साग देख्यो भने मान्छेहरू छुया खान्न भन्छन् । राम्रो बनाउन खोज्यो औषधि हालेको भन्छन्, केही गरे पनि सुख छैन,' उनले गुनासो पोखे। निकै सस्तो मूल्यमा साग बेच्दा पनि गाडी भाडासमेत उठेन भन्दै व्यापारीले गुनासो गर्ने गरेको तामाङले बताए ।

भक्तपुर, मुलपानी क्षेत्रबाट साग उठाएर कोटेश्वरमा बेच्दै आएकी लक्ष्मी अधिकारी अचेल ग्राहकले साग हेर्दै नहेर्ने गुनासो गर्छिन् । 'विषादी छ खानु हुँदैन भन्छन्,' लक्ष्मी सुनाउँछिन्, 'किन्दै किन्दैनन्, कतिले त हेर्दै, हेर्दैनन् ।' पहिला दिनमा १ सय ५० मुठासम्म बिक्री हुनेमा अहिले ५० मुठा बिकाउन पनि मुस्किल परेको उनको भनाइ छ ।

जति सस्तोमा दिँदा पनि साग बिक्न छाडेको शान्तिनगर स्थित तरकारी बजारका व्यापारी रामनाथ राउत गुनासो गर्छन् । राउतले मुलपानी क्षेत्रका खेतबारीबाट साग उठाउँदै आएका छन् । 'चार रुपैयाँ, दुई रुपैयाँ किलोमा बेच्दा पनि बिक्दैन,' राउत भन्छन्, 'पहिला झन्डै दिनको ८० झोला बेच्थैं, अहिले ३० झोला ल्याउँदा तीन दिन पुग्छ, त्यो पनि आधा फाल्नुपर्छ ।'

विषादीको हल्लाले मात्रै नभएर धेरै उत्पादन भएकाले पनि साग बिक्री नभएको अर्का व्यापारी पशुपति अधिकारीको बुझाइ छ ।

**भेटिन छाड्यो विषादी**

पुस महिनामा गरिएका परीक्षणमा विषादी भेटिए पनि पछिल्ला दिनमा सागमा कुनै विषादी नदेखिएको केन्द्रीय कृषि प्रयोशालाका बाली संरक्षण अधिकृत महेश तिमिल्सिनाले जानकारी दिए । उनका अनुसार माघको ३-४ गतेपछि गरिएको परीक्षणमा विषादी देखिएको छैन । सागमा विषादी भेटिएपछि साग खेती हुने क्षेत्रमा गएर सचेतनामूलक कार्यक्रम समेत गरिएको उनले बताए ।

९ माघमा थिमि र १० मा कागेश्वरी मनोहरा थलीमा कार्यक्रम गरिएको थियो । त्यहाँ खेती गरिएको सागबाट नमुना ल्याएर परीक्षण गर्दा विषादी नदेखिएको तिमिल्सिनाले जानकारी दिए । उनका अनुसार थिमिबाट १० र कागेश्वरी मनोहराबाट ११ वटा नमुना लिएर परीक्षण गर्दा विषादी देखिएको थिएन ।

**विषादी हाल्ने बितिकै बजार ल्याउनु हुँदैन**

तरकारीमा औषधि प्रयोग गरेपछि निश्चित समय नपर्खिएर बजार पठाइहाल्दा यस्तो समस्या देखिएको बाली संरक्षण अधिकृत तिमिल्सिनाको भनाइ छ ।

उनका अनुसार कुनै विषादी वा रसायन प्रयोग गरेपछि 'वेटिङ पिरियड' हुन्छ । त्यो समय कुरेर तरकारी बजार पठाउँदा त्यसमा विषादी देखाउँदैन । विषादी हेरेर तीन दिन एक साता, २१ दिनसम्म पनि पर्खिनुपर्ने हुन्छ ।

झार मार्ने औषधि हालिएको छ भने त्यसको असर ७०-७५ दिनसम्म पनि रहन्छ । अर्गानोफोस्फेट समूहमा रहेका विषादी रायोसागमा भेटिएको थियो ।

'ती खालका विषादी हाल्नै हुँदैन भनेर भन्न त मिलेन, त्यति धेरै हानिकारक हुन्थ्यो भने सरकारले दर्ता पनि गर्दैनथ्यो । वैज्ञानिकहरूले पनि अनुसन्धान गरेरै बनाएका हुन्,' तिमिल्सिना भन्छन्, 'किसानको श्रम, पैसा लगानी भएको हुन्छ, बाली जोगाउनुपर्छ, तर सही तरिकाले प्रयोग गर्नुपऱ्यो ।'

सकेसम्म विषादी प्रयोगको विकल्पमा जाने र नगरी नहुने भयो भने समय पर्खिएर मात्रै बजार पठाउन किसानलाई तिमिल्सिनाको सुझाव छ ।

**मानव स्वास्थ्यमा विषादीको असर कस्तो ?**

विषादी छर्ने किसान, व्यापार गर्ने व्यक्ति र खाने उपभोक्ता समेतलाई यस खालका विषादीले असर गर्ने जनरल प्राक्टिसिनर डा. पुष्पमणि खराल बताउँछन् ।

उनका अनुसार त्यस्ता रसायन शरीरभित्र जाँदा जुनसुकै अंगलाई असर गर्न सक्छन् । कलेजो, दिमागमा असर गर्ने खालको हुन्छन् , कुनै नसामा असर गर्ने खालका हुन्छन् ।

बोनम्यारोमा रक्तकोषिका उत्पादनमा कमी ल्याउने काम पनि त्यस खालका विषादीले गर्छन् । आँखा, छाला आदिमा पनि यसले असर गर्न सक्छ । यस खालको विषादी प्रयोग गर्दा सचेत रहन डा. खरालको सुझाव छ ।

'ती खालका विषादी हाल्नै हुँदैन भनेर भन्न त मिलेन, त्यति धेरै हानिकारक हुन्थ्यो भने सरकारले दर्ता पनि गर्दैनथ्यो । वैज्ञानिकहरूले पनि अनुसन्धान गरेरै बनाएका हुन्,' तिमिल्सिना भन्छन्, 'किसानको श्रम, पैसा लगानी भएको हुन्छ, बाली जोगाउनुपर्छ, तर सही तरिकाले प्रयोग गर्नुपऱ्यो ।' सकेसम्म विषादी प्रयोगको विकल्पमा जाने र नगरी नहुने भयो भने समय पर्खिएर मात्रै बजार पठाउन किसानलाई तिमिल्सिनाको सुझाव छ ।

**मानव स्वास्थ्यमा विषादीको असर कस्तो ?**

विषादी छर्ने किसान, व्यापार गर्ने व्यक्ति र खाने उपभोक्ता समेतलाई यस खालका विषादीले असर गर्ने जनरल प्राक्टिसिनर डा. पुष्पमणि खराल बताउँछन् । उनका अनुसार त्यस्ता रसायन शरीरभित्र जाँदा जुनसुकै अंगलाई असर गर्न सक्छन् । कलेजो, दिमागमा असर गर्ने खालको हुन्छन् , कुनै नसामा असर गर्ने खालका हुन्छन् ।

बोनम्यारोमा रक्तकोषिका उत्पादनमा कमी ल्याउने काम पनि त्यस खालका विषादीले गर्छन् । आँखा, छाला आदिमा पनि यसले असर गर्न सक्छ । यस खालको विषादी प्रयोग गर्दा सचेत रहन डा. खरालको सुझाव छ ।

*(स्रोत: अनलाइनखबर)*

# माओवादीको मनहरीमा सम्पर्क कार्यालय




साझाकुरा संवाददाता

हेटौंडा, १९ माघ/ नेपाल कम्युनिष्ट पार्टी माआवादी (केन्द्र) मनहरी गाउँ कमिटीको सम्पर्क कार्यालय उद्घाटन गरिएको छ ।

शनिबार एक कार्यक्रमको आयोजना गरी नेपाल कम्युनिष्ट पार्टी माआवादी (केन्द्र) बागमती प्रदेश कमिटी सचिवालय सदस्य तथा जिल्ला समन्वय समिति मकवानपुरका सचिव बीरबहादुर घलान (ज्वाला) ले मनहरी-७ मनहरी बजारमा स्थापना गरिएको सम्पर्क कार्यालय उद्घाटन गरेका हुन् ।

नेपाल कम्युनिष्ट पार्टी माआवादी (केन्द्र) मनहरी गाउँ कमिटीका अध्यक्ष बीरबहादुर घलान 'आनन्द'को सभाध्यक्षतामा भएको कार्यक्रममा मकवानवुर जिल्ला समन्वय समिति सदस्य केशव सुवेदी, रामप्रसाद कालाखेती, राजकुमार पाखिन र वाइसिएल मनहरीका इन्चार्ज इश्वर थापा तथा गाउँ कमिटीका सदस्यहरुको सहभागिता थियो ।

कार्यालय सञ्चालनमा आएसँगै पार्टीको बिभिन्न गतिविधि सञ्चालन गर्न सहज भएको छ ।

**यही माघ १७ गतेदेखि सञ्चालन हुँदैछ**

विर पुर्खा यातायात प्रा.लि.द्वारा संचालित ई.भि. हेटौंडा-फापरबारी हुँदै सिन्धुलीबाट चकमके तिन पाटनसम्म

| हेटौंडाबाट छुट्ने समय | सिन्धुलीबाट छुट्ने समय | चकमकेबाट छुट्ने |
| --- | --- | --- |
| बिहान : ७:३० बजे | बिहान: ९:०० बजे | बिहान : ६:०० बजे |
| बिहान : १०:०० बजे | दिउँसो : २:३० बजे | विहान : ९:०० बजे |
| दिउँसो : १:३० बजे | दिउँसो : १२:१५ बजे | |

**नोट** :
- घरदैलो सेवा, सिजर्भको व्यवस्था ।
- नयाँ मोडलको गाडीहरु ।
- प्रति यात्रु ५ लाखको बिमा गरिएको छ ।
- दक्ष तथा अनुभवी चालकहरु ।



"नयाँ गाडिको आरामदायी मज्जा लिन कतै छुट्नु होला नि !"

काउन्टर लोकेशन: कान्तिराजपथ साझा बस लाग्ने स्थान सँगै
सम्पर्क नं.:९८५४०४२८८०, ०५७-५२१६५५, ९७६७४९०४४०
सिन्धुली सम्पर्क नं.: ९७६७४९३०३२

हेटौंडा उपमहानगरपालिका
**१९ नं. वडा कार्यालय**
बस्तीपुर, हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

**आदरणीय सवै वडावासीहरुमा जानकारीको लागि अनुरोध !**

नेपालको संविधानको भाग ३ मौलिक हकको धारा ३९ मा बालबालिकाको हक सम्बन्धि ब्यवस्था भएको र स्थानीय सरकार संचालन ऐन, २०७४ तथा बालबालिका सम्बन्धि ऐन, २०७५ समेतलाई कार्यान्वयन गर्न गराउनको लागि यो वडा तत्पर रहेको हुंदा २० बर्ष मुनिका किशोर किशोरीहरूले विवाह गरे गराएमा दुबै पक्ष कानून बमोजिम दण्डनीय भई उक्त २० बर्ष मुनिको विवाह दर्ता नहुने र स्वत: बदर हुने भएकाले आ-आृनो तर्फबाट सचेत भई अरूलाई समेत सचेत गराई कानूनको पालना गर्न गराउनको लागि हार्दिक अनुरोध गर्दछौं ।

साथै १४ बर्ष मुनिका बालबालिकालाई निष्कृष्ट प्रकारको श्रम (जस्तै: मोटर ग्यारेज, होटेल, गिट्टी बालुवा ढुवानी आदी) मा नलगाउनु हुन र विद्यालयमा भर्ना गराई नियमित रूपमा पठनपाठन कार्यमा संलग्न गर्नु गराउनु हुन हार्दिक अनुरोध छ । यदि वडा भित्र माथि उल्लेखित कानून बिरूद्धका कार्यहरू भए गरेमा कानून बमोजिम भइजाने ब्यहोरा पनि जानकारी गराइन्छ ।

नरनाथ सुवेदी (वडा अध्यक्ष)
एवम्
**१९ नं. वडा कार्यालय**

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना